# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक ३४६ | काठमाडौं | आइतबार, ०३ वैशाख २०८० | Prabhab National Daily | Sunday, 16 April 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



- चौध वर्षभन्दा मुनिका बालबालिकालाई श्रममा नलगाऔं ।
- बालबालिकालाई श्रमिक बनाउनु कानुनी अपराध हो ।
- बालबालिकालाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं ।
- बालबालिकाको शारीरिक र मानसिक विकासमा सहयोग गरौं ।

*"बालश्रम उन्मुलन अभियानमा सहभागी बनौं ।"*

नेपाल सरकार
विज्ञापन बोर्ड


## मन्त्रिपरिषद् विस्तार किस्ताकिस्तामा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** आइतबार प्रधानमन्त्री पुष्पकमल दाहालले मन्त्रिपरिषद् विस्तार गर्दै छन्। दोस्रोपटक विश्वासको मत पाएपछि दाहालले दोस्रोपटक मन्त्रिपरिषद् विस्तार गर्न लागेका हुन् ।

कांग्रेसका केन्द्रीय सदस्यसमेत रहेका सांसद एनपी साउदले परराष्ट्रमन्त्रीका रूपमा शपथ लिने तयारी रहेको बालुवाटार स्रोतको दाबी छ ।

- आइतबार दिउँसो एनपी साउदले परराष्ट्र मन्त्रीमा शपथ लिँदै
- गठबन्धनमा १० दल भए पनि गठबन्धनकै ठूलो दल कांग्रेसमा किचलो
- सभापति देउवाले संस्थापनइतरलाई चित्त बुझाउन नसकेकाले मन्त्रिपरिषद्लाई पूर्णता दिन अझै समय लाग्ने

'कांग्रेसबाट एनपी साउदको नाम आएको छ, हामीले उहाँको शपथका लागि शीतलनिवासमा दिउँसो ३ बजेको समय लिइसकेका छौं,' कांग्रेसका एक उच्च तहका नेताले भने । राष्ट्रपतिको सचिवालयले साउदको शपथको समय तय भइसकेको पुष्टि गरेको छ ।

शनिबार बिहानै प्रधानमन्त्री दाहाललाई कांग्रेस सभापति शेरबहादुर देउवाले भेटेका थिए। प्रधानमन्त्रीनिवास बालुवाटारमा भएको भेटमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसमेत सहभागी थिए । तीन शीर्ष नेताको भेटमा मन्त्री बन्ने अरु सांसदको टुंगो नलागेकाले दोस्रो चरणमा साउदलाई एकल नियुक्ति दिने सहमति भएको हो । (**बाँकी पृष्ठ २ मा**)

### यस्तो छ 'टाइमलाइन'



- **पुस १०, २०७९** - एमालेको समर्थनमा दाहाल प्रधानमन्त्री नियुक्त
- **पुस ११, २०७९** - प्रधानमन्त्रीमा दाहालद्वारा शपथग्रहण । उपप्रधानसहित अर्थमन्त्री एमालेका विष्णु पौडेल, उपप्रधानसहित गृहमन्त्री रवि लामिछाने, उपप्रधानसहित भौतिक पूर्वाधार नारायणकाजी श्रेष्ठ, ज्वालाकुमारी साह, दामोदर भण्डारी, राजेन्द्रकुमार राई र अब्दुल खान पछि मन्त्रालय तोकिने गरी नियुक्त ।
- **माघ ३, २०७९** - राष्ट्रिय प्रजातन्त्र पार्टीलाई समेटेर मन्त्रिपरिषद् विस्तार । एमालेबाट परराष्ट्रमा विमला राई पौड्यल, स्वास्थ्यमा पदम गिरी, महिला बालबालिकामा भगवती चौधरी र रक्षामा हरि उप्रेती । ज्वालाकुमारीलाई कृषि र राजेन्द्र राईलाई भूमि व्यवस्था तथा सहकारी, माओवादीबाट रेखा शर्मा सञ्चार तथा सूचना प्रविधि, सुदन किरातीलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अमनलाल मोदीलाई संघीय मामिला तथा सामान्य प्रशासन र सुशीला श्रीपालीलाई पर्यटन राज्यमन्त्री । राप्रपाबाट उपप्रधान तथा ऊर्जा, जलस्रोत तथा सिँचाइ विक्रम पाण्डे, सहरी विकास ध्रुवबहादुर प्रधान, कानुन, दीपकबहादुर सिंह, ऊर्जा राज्य ।
- **फागुन १३, २०७९** - राप्रपा सरकारलाई दिएको समर्थन फिर्ता लिँदै सरकारबाट फिर्ता
- **फागुन १५, २०७९** - एमाले सरकारलाई दिएको समर्थन फिर्ता लिँदै सरकारबाट फिर्ता
- **फागुन २२, २०७९** - राष्ट्रिय स्वतन्त्र पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिँदै सरकारबाट फिर्ता । यसअघि माघ १३ गते रास्वपाका सभापति रवि लामिछानेले नागरिक्ता पुनः प्राप्ति नगरेको भन्दै सर्वोच्च अदालतले उनको सांसद पद खारेज गरेसँगै मन्त्री पद पनि गुमेको थियो ।
- **चैत ६, २०७९** - प्रधानमन्त्री दाहाललाई दोस्रोपटक विश्वासको मत
- **चैत १७, २०७९** - कांग्रेससहित मन्त्रिपरिषद् विस्तार, उपप्रधानसहित रक्षमा पूर्णबहादुर खड्का, डा. प्रकाशशरण महत अर्थ, रमेश रिजाल उद्योग वाणिज्य तथा आपूर्ति, सिता गुरुङ सहरी विकास, माओवादीबाट उपप्रधान नारायणकाजी श्रेष्ठ गृहमा सरुवा, शक्तिबहादुर बस्नेन ऊर्जा, जलस्रोत तथा सिँचाई, समाजवादीबाट डा वेदुराम भुसाल कृषि तथा पशुपंक्षी, अशोककुमार राई शिक्षा, विज्ञान तथा प्रविधि, प्रकाश ज्वाला भौतिक पूर्वाधार तथा यातायात, जनता समाजवादीवाट शरतसिंह भण्डारी श्रम, रोजगार तथा सामाजिक सुरक्षा, नागरिक उन्मुक्तिबाट रञ्जिता श्रेष्ठ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण र नेपाल समाजवादी पार्टीबाट महिन्द्र राय यादव महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री ।

बम आतंक

## धम्की दिन, पैसा लिन

■ **जेबी योञ्जन**

**काठमाडौं–** सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको घरमा बम राखेर आतंक्ति पार्ने घटना बेलाबेलामा भइरहेका छन् । भूमिगत आपराधिक संगठन र केही अज्ञात समूहले आतंक सिर्जना गर्नेगरी यस्ता गतिविधि गरिरहेको सुरक्षा निकायहरूको विश्लेषण छ ।


भन्नचाहिँ १७ चैतमा उपप्रधान तथा गृहमन्त्री भएपछि नारायणकाजी श्रेष्ठले भनेका थिए, 'देशमा शान्ति सुव्यवस्था कायम गर्न दृढ छु ।'

उनले यसो भनेको १५औं दिनमा शनिबार रूपन्देहीको सियारी गाउँपालिकाका अध्यक्ष थानेश्वर घिमिरेको घरमा प्रेसर कुकर बम फेला पर्‍यो । नेपाली सेनाले उक्त बम निष्क्रिय पारेको छ । भूमिगत रूपमा सशस्त्र गतिविधि गरिरहेको मधेस पिपुल्स् पार्टीको पर्चा भेटिएको र उक्त घटनाबारे प्रहरीले अनुसन्धान थालेको जनाएको छ ।

गत १४ चैतमा पूर्वी नवलपरासीको विनयीत्रिवेणी गाउँपालिकामा नौंवटा बम फेला परेको थियो । उक्त बम पनि त्यहाँका अध्यक्ष घनश्याम गिरीलाई लक्षित गरेर राखेको हुन सक्ने सुरक्षा निकायको आशंका थियो ।

अभिव्यक्तिका कारण बारम्बार विवादमा आइरहने एमाले सांसद तथा पूर्वमन्त्री गोकुल बाँस्कोटाको घरमा गत १८ मंसिरमा बम फेला परेको थियो । त्यसअघि पनि उनको घरमा बम विष्फोट नै गरेको थियो ।

यी त भए प्रतिनिधिमूलक बम राखिएको सम्बन्धी केही घटना। सार्वजनिक पद धारण गरेका स्थानीय, प्रदेश र संघीय सरकारका अधिकारीहरूलाई लक्षित गरेर बम राख्ने घटना बारम्बार भइरहेका छन् । यस्ता घटना हुनुका पछि मुख्य दुई कारण हुने नेपाल प्रहरीका पूर्वअतिरिक्त महानिरीक्षक (एआइजी) वसन्तकुमार लामा बताउँछन् ।



**शनिबार रूपन्देहीको सियारी गाउँपालिकाका अध्यक्ष थानेश्वर घिमिरेको घरमा फेला परेको प्रेसर कुकर बम ।**

> जनता जब सरकारप्रति अत्यधिक असन्तुष्ट हुन्छ, त्यस्तो बेला तर्साउने, थर्काउने, धम्क्याउने अथवा भनौं सिध्याउने भनेर बम राख्ने गरेको पाइन्छ
>
> ■ **वसन्तकुमार लामा**
> पूर्वएआइजी

> सुरक्षा जोखिम सम्बन्धित पक्षले नै बढाउने गरेको देखिन्छ
>
> ■ **हेमन्त मल्ल**
> पूर्वडिआइजी

पहिलो- धम्की दिन । लामाका अनुसार सार्वजनिक पद धारण गरेका अधिकारीहरूका घर वा कार्यालयमा बम राख्नु वा विष्फोट गराउनु पक्षपातपूर्ण सेवा प्रवाह र भ्रष्टाचारप्रतिको चरम असन्तुष्टिसँग जोडिएको हुन सक्छ । त्तै भने व्यक्तिगत 'रिसिइबी'का कारण पनि बम राखिएको हुन्छ ।

सियारी गाउँपालिका अध्यक्ष घिमिरेको घर छेउमा शनिबार बम फेला पर्नु यिनै कारण हुनसक्ने उनलाई लाग्छ ।

दोस्रो- आर्थिक लाभ लिन । भूमिगत संगठन वा अज्ञात समूहले आर्थिक लाभ लिन बम राखेर आतंक्ति पार्ने गर्दै आएका छन् ।

देशमा शान्ति बहाली हुनुभन्दा पहिले भने तराई क्षेत्रमा आर्थिक लाभ लिन र राजनीतिक दुष्मनीकै कारण बम राख्ने घटना हुन्थे । नेकपा माओवादीको नेतृत्वमा भएको १० वर्षे द्वन्द्वमा भने राजनीतिक दुष्मनीका आधारमा बम राख्ने र विष्फोट गराउने घटना हुने पूर्वप्रहरी नायब महानिरीक्षक हेमन्त मल्ल बताउँछन् । उनका अनुसार त्यसबेला बम राख्ने घटना धम्की दिनुभन्दा नि ज्यान लिने उद्देश्यले हुन्थ्यो । तर, अहिले पनि बम राख्ने घटना भइरहनुलाई सुरक्षा संयन्त्रले गम्भीरतापूर्वक लिनुपर्ने मल्लले बताए ।

'देशमा एउटा यस्तो शक्ति हुन्छ, जसले जहिल्यै शान्ति सुव्यवस्थामा खलल पुर्‍याउने र त्यसबाट कुनै न कुनै प्रकारको लाभ लिन्छ,' उनले भने, 'तर, यस्तो घटना असामान्य हो । यसप्रति सुरक्षा निकाय थप गम्भीर हुनैपर्छ ।'

उसो त सुरक्षा निकायहरूले आपराधिक संगठनको निशानामा को-को छन् ? यसबारे अनुसन्धान पनि गर्छन् । सोही अनुसार सुरक्षा व्यवस्था कडा पार्ने चलन छ । सुरक्षा चुनौतीका आधारमा सुरक्षाकर्मीहरू परिचालन पनि गर्दै आएका छन् ।

तर, सुरक्षा जोखिम बढाउने काम भने सम्बन्धित अधिकारीले नै गर्ने मल्लले बताए । उनी भन्छन्, 'राम्रा काम गर्ने मान्छेको सुरक्षा जनताले गर्छन् । तर, जसले जनतालाई चरम दुःख दिने, भ्रष्टाचार गर्ने र जनचाहनाविपरीत अघि बढ्दा असन्तुष्ट जो कोहीले बम राख्ने र त्यस्तै परे विष्फोट गराउने गर्छन् ।'

पछिल्लो समय देशमा भ्रष्टाचार बढ्दो छ । वित्तीय अनुशासन कायम छैन । बिहीबार महालेखा परीक्षकको कार्यालयले राष्ट्रपतिलाई बुझाएको (**बाँकी पृष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

## विदेशमा रहेका श्रमिकको अधिकार सुनिश्चित गर्न सिफारिस

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय मानवअधिकार आयोगले आप्रवासी श्रमिकहरूको मानवअधिकार संरक्षण सम्बन्धमा तयार गरेको प्रतिवेदन कार्यान्वनका लागि नेपाल सरकारलाई सिफारिस गरेको छ । आयोगले हालै प्रकाशन गरेको 'आप्रवासी नेपाली श्रमिकहरूको मानवअधिकार अवस्था प्रतिवेदन, २०७९' कार्यान्वयनको सन्दर्भमा सरकारलाई सिफारिस गरेको हो ।

विगत तीन आर्थिक वर्ष (२०७६/७७, २०७७/७८ र २०७८/७९)को सूचना, जानकारी, तथ्यांक एवं अध्ययन, अनुगमन र अनुसन्धानका आधारमा उक्त प्रतिवेदन तयार पारिएको आयोगले जनाएको छ । प्रतिवेदन कार्यान्वयन सिफारिसमा 'वैदेशिक रोजगार ऐन र नियमावली, २०६४' संशोधन, प्रमुख श्रम गन्तव्य मुलुकहरूसँग नेपाली श्रमिकका लागि तोकिएको न्यूनतम ज्याला परिमार्जन गराउन भूमिका खेल्नेदेखि लिएर वैदेशिक रोजगार चक्रमा श्रमिक र उनीहरूको परिवारको अधिकार सुनिश्चित गर्न सरकारले पर्याप्त बजेट विनियोजन गर्नुपर्ने उल्लेख गरिएको छ ।

आयोगले गत शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्मा गरेको पत्राचारमा व्यक्तिगत श्रम स्वीकृति लिई रोजगारीका लागि विदेश जाने नेपाली श्रमिकहरूको सुरक्षाका लागि विशेष उपायहरू अवलम्बन गर्न पनि सिफारिस गरेको छ । त्यस्तै सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्दै विदेशमा रहेका नेपाली श्रमिकहरूलाई मताधिकारको व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ । गन्तव्य मुलुकहरूमा आवास प्रबन्ध, कार्यस्थल अवस्थाको अनुगमन र समयमै समस्या समाधानका लागि आप्रवासी श्रमिकहरूको उजुरी र गुनासोलाई प्रभावकारीरूपमा सम्बोधन गर्नुपर्ने भनिएको छ । व्यक्तिगत श्रम स्वीकृति लिई जाने नेपाली श्रमिकहरूको सुरक्षाका लागि विशेष उपाय अवलम्बन गर्न, रोजगार भर्ना प्रक्रियामा व्यवसायीहरूबीच स्वस्थ प्रतिस्पर्धा गराउन, निःशुल्क भिसा र निःशुल्क टिकटको व्यवस्था प्रभावकारीरूपमा लागू गराउन, वैदेशिक रोजगार चक्रमा जोडिएका सबै व्यावसायिक संस्थाहरूको प्रभावकारी अनुगमन गर्न सिफारिसमा उल्लेख छ ।




> गन्तव्य मुलुकहरूमा आवास प्रबन्ध, कार्यस्थल अवस्थाको अनुगमन र समयमै समस्या समाधानका लागि आप्रवासी श्रमिकहरूको उजुरी र गुनासोलाई प्रभावकारीरूपमा सम्बोधन गर्नुपर्ने

त्यस्तै मानव बेचबिखन तथा ओसार पसार एवं तस्करीविरुद्धको कार्यमा सक्रिय नेपाल प्रहरीअन्तर्गत रहेको मानव बेचविखन अनुसन्धान ब्युरोलाई स्रोत साधन सम्पन्न बनाउन, नेपाली श्रमिकलाई अन्तर्राष्ट्रिय श्रमबजारको मागसँग मेल खाने सीप तालिम विकास उपलब्ध गराउन, नेपाली श्रमिकले गन्तव्य मुलुकहरूमा समान कामका लागि अन्य मुलुकका श्रमिकसरह न्यूनतम पारिश्रमिक दिलाउने कार्य गर्न पनि आयोगले भनेको छ ।

साथै, कोभिड-१९ महामारीको समयमा ज्याला तथा सुविधाबाट वञ्चित भएका नेपाली श्रमिकले पाउनुपर्ने रकम तथा क्षतिपूर्ति उपलब्ध गराउन पनि सिफारिस गरिएको छ । वैदेशिक रोजगारीका क्रममा मृत्यु वा गम्भीर घाइते भएकाहरूलाई दिइने आर्थिक सहयोग समयसापेक्ष बनाउन भनिएको छ । वैदेशिक रोजगारीमा जाने घरेलु श्रमिकहरू (महिला)का लागि गन्तव्य मुलुकमा भएका विभेदजन्य पूर्वसर्तहरू हटाउन नेपाली नियोगहरूमार्फत यकीन तथ्यांक संकलन गरी विशेष सुरक्षा तथा मानवअधिकार संरक्षणमा काम गर्नुपर्ने आयोगको सिफारिसमा उल्लेख छ ।

यस्तै गन्तव्य मुलुकहरूमा अलपत्र तथा समस्यामा परेका नेपाली श्रमिकको अवस्था र आवश्यक्ता अनुसार गैरआवासीय नेपाली संघ, नेपाली समुदाय, स्थानीय संघ संस्थाहरूलाई समन्वय, सहकार्य र परिचालन गर्नुपर्ने जनाइएको छ ।

### 'मताधिकारबाट वञ्चित हुनु पर्दैन'

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले प्रवासमा रहेका नेपालीहरूलाई विदेशबाट मतदान गर्न पाउने व्यवस्था गरिने बताएका छन् । नेकपा माओवादी केन्द्र प्रवास समन्वय समितिको 'भर्चुअल' कार्यक्रमलाई शुक्रबार राति सम्बोधन गर्दै उनले यसबाट विदेशमा रहेका लाखौं नेपाली लाभान्वित हुने र मताधिकारको प्रयोगबाट वञ्चित हुनु नपर्ने बताएका हुन् ।

उनले विदेशमा रहेका नेपालीले पठाएको विप्रेषणबाट विदेशी मुद्राको सञ्चितिमा उत्साह थपेको जनाउँदै वैदेशिक रोजगारीको सुधारका लागि सरकारले धेरै काम गरिसकेको र अझै थप गर्ने बताए । प्रधानमन्त्री दाहालले भने, 'वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले विदेशी मुद्रा सञ्चिति ११ महिनालाई धान्ने अवस्थामा पुग्नु आफैंमा अर्थतन्त्र सुधारको संकेत हो ।'

उनले सामाजिक सुरक्षा कोषमा प्रवासी नेपालीको आबद्धता श्रमिकको सुरक्षा भएको बताए । उनले राज्यका सबै निकायलाई राम्रोसँग परिचालन गरेर राजस्वमा उल्लेख्य सुधार भएको उल्लेख गर्दै आफू प्रधानमन्त्री बनेपछि सार्वजनिक सहकारी र निजी क्षेत्रको समन्वयलाई अगाडि बढाउन र निजी क्षेत्रलाई आर्थिक विकास निर्माणमा परिचालन गर्न जोड दिएको बताए ।


## प्रशिक्षण कार्यक्रम सम्बन्धी सूचना

आदरणीय व्यवसायीज्युहरू

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड सचिवालयको आयोजना र नेपाल वैदेशिक रोजगार व्यवसायी संघको समन्वयमा सञ्चालन हुने २ दिने **व्यवसायिक क्षमता अभिवृद्धि प्रशिक्षण कार्यक्रमको उद्घाटन** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका माननीय मन्त्री शरदसिंह भण्डारीज्यूको प्रमुख आतिथ्यता एवम् श्रीमान् सचिव एकनारायण अर्यालज्यूको विशेष आतिथ्यतामा कार्यक्रमको उद्घाटनपश्चात **प्रशिक्षण कार्यक्रम सञ्चालन** हुने जानकारीका लागि अनुरोध छ । प्रशिक्षण कार्यक्रममा सहभागी हुनुहुने संस्थाका सञ्चालकज्युहरुलाई नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट **प्रमाण-पत्र** समेत प्रदान गरिने र भविष्यमा सरकारी मातहतबाट सञ्चालित गराइने प्रशिक्षण कार्यक्रमहरूमा उक्त प्रमाण पत्र अनिवार्य रहने कुराको अवगत गराउँदै सम्पूर्ण व्यवसायीज्युहरूलाई अनिवार्य उपस्थितका लागि हार्दिक अनुरोध गर्दछौं ।

### कार्यक्रम विवरण

मिति : २०८० वैशाख ३ गते, आइतबार
समय : बिहान ८:०० बजे
स्थान : अनुपम फुडल्याण बत्तीसपुतली, काठमाडौं

मेघनाथ भुर्तेल
महासचिव

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं.०१-४५९०९६९/४५९४४१८

# सिन्दुरले रंगियो मध्यपुरथिमि

■ रमेश गिरी



भक्तपुर- हजारौं व्यक्तिको भीड, भीडमा सबैको टाउको, अनुहार, शरीर अबिरले रंगिएको राताम्मे छ । अगाडि हातहातमा धपक्क बलेको चिरागका समूह, त्यसपछि धिमे र मुस्याबाजा बजाउनेको समूह, त्यसपछि आ-आफ्नो टोलका देवी-देवतालाई विराजमान गराइएका खट बोकेर टोल-टोल घुम्दै बालबालिका, युवायुवतीदेखि ज्येष्ठ नागरिकसमेत जात्राको भीडमा रमाएका देखिन्थे । शनिबार मध्यपुरथिमिका बासिन्दाले सुथसिया अर्थात् बिहानीको जात्रा हर्षोल्लासपूर्वक मनाएका छन् ।

बिस्केट जात्राको अवसरमा मध्यपुरथिमिका बासिन्दाले शनिबार बिहानैदेखि टोल-टोलका देवता विराजमान खटजात्रा गरी टोल-टोल घुमेर बालकुमारी मन्दिर प्रांगणमा २६ देवी-देवता विराजमान खटलाई ल्याएर मन्दिरको परिक्रमा गराई धिमे, मुस्याबाजाको तालमा नाच्दै, अबिर छर्कंदै हर्षोल्लासका साथ सिन्दुर खेलेर सुथसिया जात्रा मनाएका हुन् ।

थिमिमा मात्र मनाइने यो जात्रामा एक-अर्कालाई सिन्दुर दलेर धिमेलगायत स्थानीय बाजामा नाँच्दै हात-हातमा चिराग बाल्दै खट बोकी बालकुमारीमा ३२ खट ल्याएर भव्यरूपमा मनाउने परम्परा छ । केही वर्षयता भने २६ खटमात्रै जात्रामा सहभागी हुने गरेका छन् ।

जात्रामा शनिबार बिहानै बालकुमारी र कालिका अर्थात् बालाखुको खट बालकुमारी मन्दिरबाट बाहिर निकालिएको थियो । हिजोदेखि विष्णुवीर र दक्षिण बाराहीको खटसमेत मन्दिरमा राखिएको थियो । बिहानै सिद्धिकालीको खट ल्याएर आफ्ना गणहरूसहित बालकुमारी प्रवेश गराएपछि यो जात्रा सुरु भएको हो ।

जात्रा सुरु भएपछि पमाहरू हातहातमा चिराग अर्थात् बत्ती लिएर नाइके प्रधानको अनुमतिमा बालकुमारीको खट उचालेपछि जात्रालाई दिगुटोलस्थित देवताघर परिक्रमा गराइएको थियो । यसैगरी विष्णुवीर, सिद्धिकालीलगायत देवदेवीको खट ल्याएर जात्रा मनाइएको छ ।

थिमिमा ३२ खट सहभागी रथ बोकेर गराई परम्परागतरूपमा मनाउने गरिन्छ । अहिले थिमि क्षेत्रमा २३ वटा, नगदेशमा एक, बोडेमा सात, टिगनीमा एक स्थानमा खटजात्राका साथ सिन्दुर जात्रा मनाइएको छ । यसमा थिमिको बालकुमारी, दक्षिणबाराही, विष्णुवीर, सिद्धिकाली, नगदेशको सिद्धिगणेश, बोडेको महालक्ष्मी र टिगनीको नीलबाराही मन्दिरका देवताका नेतृत्वमा खट बोकेर जात्रा गरी टोल-टोलमा सिन्दुर खेल्दै जात्रा मनाइन्छ ।

जात्रामा प्रत्येक चोक, चौबाटो, घर र टोलमा पुग्दा घरका झ्याल, कौसी र छतबाट सिन्दुर छर्ने, फूल बर्साएर स्वागत गर्ने प्रचलन रहेको छ । जात्रामा काँयाबाजा, भुस्याबाजा, धिमेबाजा बजाएर देवताका खटलाई घुमाउँदै एक-अर्कालाई सिन्दुर दल्ने, आपसमा सिन्दुर खेली स्थानीय जात्रालु रमाइलो गर्ने भएकाले यसलाई सिन्दुर जात्रा पनि भनिएको हो ।

बालकुमारीबाट परम्परागत रूपमा सिद्धिगणेश, सिद्धिकाली र त्यसका गणहरूसहित क्वाछें द्यो, हिचो द्यों, अजिमा द्यों, विष्णुवीर र अन्य देवगणहरूको खट उचालेपछि बालकुमारीको जात्रा सुरु गरिएको थियो । परम्पराअनुसार देवता लायकू दरबारभित्र पस्न नपाउन् भनेर लायकू प्रवेशद्धारमा पेंखा मुस्या, बालकुमारी, बालखुचा द्यो, सिद्धिकाली र अरु देवताका गणहरू बाटो छेकेर बस्ने परम्परा छ । अगाडि बढाउँदै ल्याउने बालकुमारीलाई भैलः द्यो परिक्रमा गरी क्रमैसँग सुगां द्यो, क्वाछे द्योंमा पनि सिन्दुर खेल्दै परिक्रमा गराइन्छ । बालकुमारीलाई विभिन्न क्षेत्रको परिक्रमा गराई भव्य एवं उमंग र उत्साहका साथ थिमिका बासिन्दाले सिन्दुर खेल्दै यो जात्रा मनाइएको छ ।

यस वर्ष वैशाख २ गते शनिबार परेकाले यहाँको खटसहितको जात्रालाई शंखधर चोकहुँदै सूर्यविनायक नगरपालिका-५ स्थित दक्षिण बाराही मन्दिरमासमेत लगिएको छ । धेरैवर्षपछि वैशाख २ गते शनिबार परेकाले जात्रालाई दक्षिण बाराही मन्दिर लगेर परिक्रमा गरेर फर्काइएको मध्यपुरथिमिका नगरप्रमुख सुरेन्द्र श्रेष्ठले जानकारी दिए ।

वैशाख २ गते शनिबार पर्दा कुनै निष्ट नहोस् भनेर दक्षिण बाराहीमा समेत जात्रा लगिने परम्परा रहेको स्थानीय बताउँछन् । शनिबारको जात्रा मध्याह्नसम्म चल्ने र यो जात्रा समापन भएपछि बोडेमा जिब्रो छेड्ने जात्राको तयारी गरेर दिउँसो २ बजे बोडेमा जिब्रो छेडेर जात्रा मनाउने नगरप्रमुख श्रेष्ठले जानकारी दिए ।

जात्राको कांग्रेस नेता प्रकाशमान सिंह, इन्द्र बानियाँ र पार्टीका जिल्ला सभापति दुर्लभ थापा, माओवादी केन्द्रका नेता लीलामणि पोखरले, शशि श्रेष्ठ, देवेन्द्र श्रेष्ठ र डिपी ढकाल तथा विभिन्न नगरपालिकाका नगरप्रमुख एवं उपप्रमुख, विदेशी कूटनीतिक नियोगका प्रतिनिधिले अवलोकन गरेका थिए । *रासस*

# वैशाख ११ देखि खोप सप्ताह

**काठमाडौं (प्रस)**- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यही वैशाख ११ देखि १७ गतेसम्म खोप सप्ताह मनाउने भएको छ । मन्त्रालयले वैशाखलाई पूर्णखोप सुनिश्चित र प्रमाणीकरण महिनाका रूपमा मनाउने उद्देश्यले खोप सप्ताह मनाउन लागिएको हो ।

लगाउन छुटेका सबै बालबालिकालाई खोप लगाई नेपालमा पूर्णखोप रहेको सुनिश्चित गर्नका लागि सप्ताह मनाउन लागेको स्वास्थ्य मन्त्रालय परिवार कल्याण महाशाखाका निर्देशक डा. विवेककुमार लालले जानकारी दिए । उनले सप्ताहमा लगाउन छुटका सबै बालबालिकालाई खोप दिइने बताए । विभिन्न जिल्लामा खोप लगाउन छुटेका बालबालिकाको संख्या बढ्दै गइरहेकाले उनीहरूमा दादुरा, रुवेलालगायत महामारीको जोखिम बढ्नसक्ने भएकाले खोप सप्ताहअन्तर्गत वैशाखभरि सबै बालबालिका खोप दिइने निर्देशक लालले बताए ।

वैशाख पहिलो हप्तादेखि विभिन्न माध्यमबाट १५ महिनासम्म लगाउनुपर्ने पूर्णखोपको जानकारी दिनुका साथै खोप छुटेका बालबालिकाको पहिचान गर्ने, वैशाख १५ र ३१ गते दुई दिन नियमित अभियान सञ्चालन गरी खोप लगाइनेछ ।

यस्तै वैशाख ६ र ७ गते भिटामिन 'ए' खुवाउने क्रममा पनि खोप लगाउन छुटेका बालबालिकाको सूची तयार पारिने परिवार कल्याण महाशाखाले जनाएको छ। खोप लगाउने छुटेका इँटाभट्टा, कलकारखानालगायत स्थानमा समुदायमा विशेष कार्यक्रम सञ्चालन गर्ने, यही वैशाख मसान्तभित्र सबै वडा, स्वास्थ्य संस्था राष्ट्रिय पूर्णखोप निर्देशिकाअनुसार घरधुरी सर्वेक्षण, पालिका वडा खोप समन्वय समितिको बैठकलगायत क्रियाकलाप गरी सबै वडा तथा स्थानीय तह पूर्णखोप सुनिश्चित भएको प्रमाणीकरण गर्ने जनाइएको छ ।

आगामी शैक्षिक सत्रका लागि विद्यालयमा नयाँ भर्ना हुने पाँच वर्षमुनिका सबै बालबालिकाका लागि खोप कार्ड अनुगमन गर्नसमेत सबै विद्यालयमा जानकारी एवं समन्वय गरिने निर्देशक लालले बताए । स्थानीय तहस्तरमा बालबालिकाले पाउने विभिन्न सेवा, सुविधा वितरणमा खोपकार्ड अनिवार्य गरिनेछ । महाशाखा निर्देशक डा. लालले सबै स्थानीय तहलाई सामान्य प्रशासन मन्त्रालयमार्फत खोप सप्ताह सफल बनाउन लागि अनुरोध गरिएको जानकारी दिए ।

# स्तम्भकार भण्डारीलाई सम्मान

**काठमाडौं (प्रस)**- स्वतन्त्र भारतका प्रथम कानुन एवं न्यायमन्त्री, भारतीय संविधानका जनक एवं भारत गणराज्यका निर्माता अर्थशास्त्री समाज सुधारक बाबा साहेव डा. भीमराव अम्वेडकर पत्रकारिता सम्मान-२०८० बाट प्रभाव दैनिकका स्तम्भकार वैकुण्ठ भण्डारीलाई सम्मान गरिएको छ ।

बाबा साहेव अम्वेडकरको १३२औं जन्मजयन्तीको अवसरमा नेपाल बौद्ध अम्वेडकर महासभाद्वारा आयोजित विशेष कार्यक्रममा भण्डारीलाई राजकीय बुद्ध विहार लुम्बिनीका प्रमुख भन्ते सागर धम्मले उक्त सम्मान गरेका हुन् ।




भण्डारी २६ वर्षदेखि छापा, रेडियो तथा टेलिभिजन पत्रकारितामा क्रियाशील छन् । भ्रष्टाचार, बेथिति, अन्यायका विरुद्ध कलम चलाउँदै आएकोले कदरस्वरूप सम्मान गरिएको आयोजकले जानकारी दिएको छ ।

# मन्त्री लामालाई बधाई ज्ञापन

**काठमाडौं (प्रस)**- छ्योर्तेन टासी तामाङ गुम्बाले बागमती प्रदेशका नवनियुक्त खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री तीर्थ लामालाई सम्मानसहित बधाई ज्ञापन गरेको छ । शनिबार नयाँबस्तीस्थित गुम्बाको हलमा आयोजित समारोहमा लामालाई सम्मान गरेको हो ।

गुम्बाका अध्यक्ष हरिबहादुर लामाले सम्मानपत्र, खादा र तामाङ टोपीबाट मन्त्री लामालाई सम्मान गरेका थिए । त्यसैगरी कार्यक्रममा सहभागी पदाधिकारी, कार्यसमितिका सदस्यलगायतले पनि खादाद्वारा सम्मान गरेका थिए ।

मन्त्री लामाले तामाङ गुम्बा सबैको साझा भएकोले यसलाई थप व्यवस्थित र संरक्षण गर्न आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

## धम्की...

पृष्ठ १ बाट जारी

वार्षिक प्रतिवेदनले यही भन्छ । बेरोजगारहरू लाखौं छन् । अस्थिर सरकार छ । महंगी नियन्त्रण छैन ।

समयमा सहजै किसानले मल बीउ पाउने अवस्था छैन । तीन तहकै सरकारले नागरिकका वर्षौंदेखिका यस्ता समयलाई दिगो ढंगले सम्बोधन गर्न सकेका छैनन् । यसरी सरकारप्रति असन्तुष्ट जनताले कहिलेकाहीं सरकारविरुद्ध आक्रोश पोख्न बम राख्ने गरेको एआइजी लामाले बताए ।

'कहिलेकाँही कस्तो पनि हुन्छ भने जनता जब सरकारप्रति अत्यधिक असन्तुष्ट हुन्छ, त्यस्तो बेला तर्साउने, थर्काउने, धम्याउने अथवा भनौं सिध्याउने भनेर बम राख्ने गरेको पाइन्छ,' लामाले *प्रभाव*सँग भने ।

२८ फागुन २०७५ मा तत्कालीन नेकपा अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले नेत्रविक्रम चन्द नेतृत्वको नेकपामाथि प्रतिबन्ध लगाएको थियो । त्यसपछि नेकपाले भ्रष्टाचारको आरोप लागेका नेतादेखि सरकारलाई कर नबुझाउने एनसेलजस्ता कम्पनीका टावरहरूमा बम विष्फोट गराएको थियो ।

गत वर्षको ३० वैशाख र २०७४ मा भएका स्थानीय, प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा पनि यो समूहले बम विष्फोट गरेको थियो । केही मन्त्रीको गाडीलाई लक्षित गरेर बम फालेको थियो । त्यसबेलै सुरक्षा निकायहरूले राजनीतिक दुष्मनी साँध्न बम विष्फोट गराएको पाइएको निष्कर्ष निकालेका थिए ।

दोस्रो संविधानसभा निर्वाचनमा भने नेकपा-क्रान्तिकारी माओवादी र पहिलो संविधानसभा निर्वाचन आसपासमा विभिन्न क्षेत्रीय आपराधिक संगठनहरूले रक्तै बम राख्ने र रक्तै विष्फोट गराउने घटना घटाएका थिए ।

## मन्त्रिपरिषद्...

पृष्ठ १ बाट जारी

### कांग्रेसमा किचलो

राष्ट्रपतिमा नेपाली कांग्रेसका उम्मेदवारलाई साथ दिएसँगै नेकपा एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतले दाहाल नेतृत्वको साथ छाडेपछि चैत ६ गते प्रधानमन्त्रीले दोस्रोपटक विश्वासको मत लिए । कांग्रेसले साथ दिएसँगै दाहालको कूर्सी जोगियो । त्यसपछि सुरु भयो मन्त्रिपरिषद्मा भागबण्डाको रस्साकस्सी । भोलिभोलि भन्दै लामो समय मन्त्रिपरिषद् विस्तार हुन सकेन ।

नयाँ गठबन्धनमा १० दल छन् । गठबन्धनमा भागबण्डाका कारण किचलो हुनुपर्ने हो । तर, सबैभन्दा बढी किचलो कांग्रेसमा देखियो । निर्वाचनमा सबैभन्दा ठूलो दल बनेर पनि सत्ताको नेतृत्व गुमाएको कांग्रेसमा संस्थापन पक्ष र इतरबीच भागबण्डा नमिल्दा मन्त्रिपरिषद् विस्तारमा ढिलाइ जारी रह्यो । चैत १७ गतेमात्र मन्त्रिपरिषद् विस्तार भयो । त्यसमा पनि कांग्रेसले आफ्नो भागको आधामात्रै मन्त्रीको नाम सरकारमा पठायो । कांग्रेसमा संस्थापनइतरको भागमा सभापति देउवाले २ मन्त्रालयमात्र दिएपछि विवाद बढेको थियो । देउवाले अडान नछाडेपछि संस्थापनइतरले नामै नपठाउने निर्णय गर्‍यो । त्यसपछि देउवाले उपसभापति पूर्णबहादुर खड्काको नेतृत्वमा ४ जनालाई सरकारमा पठायो । जसमा खड्का उपप्रधानसहित रक्षा, डा. प्रकाशशरण महत अर्थ, रमेश रिजाल उद्योग र सीता गुरुङ सहरी विकास मन्त्री बने ।

दोस्रो चरणमा थप चार जना मन्त्री पठाउने तयारी गरे पनि संस्थापन पक्ष र इतर पक्ष टसमस नभएपछि साउदले कांग्रेसबाट दोस्रो चरणमा मन्त्रिपरिषद्मा एकल इन्ट्री पाउन लागेको हो । कांग्रेसले स्वास्थ्यमा मोहन बस्नेत, कानुनमा उपसभापति धनराज गुरुङ र डिगबहादुर लिम्बुलाई पठाउने तयारी गरेको थियो । यसैगरी विवाद साम्य पार्न संस्थापनइतरलाई एक राज्यमन्त्री दिन देउवा र प्रधानमन्त्री दाहाल सहमत भएको बताइन्छ । राज्यमन्त्रीमा सुरेन्द्र आचार्यको नाम फाइनल भएको बताइएको छ । यद्यपि संस्थापनइतरले तीनवटै फूल मन्त्रालय खोजेपछि कांग्रेसमा झनै किचलो भएको हो । मन्त्रिपरिषद् विस्तारमा किचलो थपिएसँगै मन्त्रालयमा दाबी गर्ने पात्रहरू थपिँदो छ । दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले युवा सांसद प्रदीप पौडेललाई स्वास्थ्य मन्त्रालय दिनुपर्ने भन्दै लबिइङ थालेका छन् । त्यसैगरी पूर्वमहामन्त्री डा. शशांक कोइरालाले पनि आफ्ना भाग माग गरेका छन् । उनको भागबाट दीपक खड्का मन्त्री बन्ने लगभग सुनिश्चित भएको भनिए पनि चर्चामा उनी अँटेका छैनन् । त्यसैगरी सहमहामन्त्रीद्वय बद्री पाण्डे र जीवन परियारले पनि मन्त्री बन्ने आकांक्षा राखेका छन् । यता नेता प्रकाशमान सिंह र विमलेन्द्र निधिले पनि आफ्नो भाग खोज्दा देउवालाई मन्त्रीको नाम फाइनल गर्न सकस परेको बताइन्छ ।

### प्रधानमन्त्री दाहालसँग रहेका मन्त्रालय

कानुन, न्याय तथा संसदीय मामिला, खानेपानी (सरकारको नीति तथा कार्यक्रममा आफ्ना मुद्दा नसमेटिएको भन्दै जनमत पार्टीका अब्दुल खानको राजीनामापछि खाली), वन तथा वातावरण, युवा तथा खेलकुद, स्वास्थ्य तथा जनसंख्या ।

## भुम्लु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सल्ले भुम्लु, काभ्रेपलाञ्चोक
## बागमती प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति : २०८०/०१/०३)**

भुम्लु गाउँपालिका अन्तर्गत रहेका भुम्लु आधारभूत अस्पतालका लागि तपसिलको पदमा खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्ने निर्णयानुसार देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले आवश्यक कागजात सहित राजश्व तिरेको रसिद संलग्न राखी यस गाउँपालिकाको कार्यालयमा दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | वि.नं. | पद | तह | माग संख्या | आवश्यक न्यूनतम योग्यता | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| १ | ४६/०७९-०८० | मेडिकल अधिकृत | आठौ | १ (एक) | आधुनिक चिकित्सा शिक्षा विषयमा स्नातक तह उत्तीर्ण भई मेडिकल काउन्सिलमा दर्ता भएको | लिखित र अन्तरवार्ता |

१. **दरखास्त दिने स्थान :** भुम्लु गाउँपालिकाको कार्यालय वा अनलाइन मार्फत
- गाउँपालिकाको वेबसाइट ***www.bhumlumun.gov.np*** मा गई विद्युतीय सुशासन सेवाको नमुना फारमहरु भित्र रहेको नमुना फारम डाउनलोड गरी फर्म भर्ने ।
- फर्म भरेपछि बुँदा नं. ५ मा दिइएका कागजातहरु भुम्लु गाउँपालिकाको ईमेल आई.डी. ***vacancy.bhumlu@gmail.com*** मा **Scan** गरी एउटै ***PDF File*** बनाई पठाउनु पर्नेछ ।
- कागजात मेलबाट पठाएपछि कार्यालयमा प्राप्त भए नभएको फोन गरी यकिन गर्नु पर्नेछ ।

२. **दरखास्त दिने अन्तिम मिति** : २०८०/०१/१० गते आइतबार कार्यालय समय भित्र

३. **आवेदन दस्तुर** : रु.१०००/-

४. **दस्तुर बुझाउने विधि** नबिल बैंक लि. मा रहेको भुम्लु गाउँपालिकाको खाता **BHUMLU GA.PA. 1.1 AANTARIK RAJASWA KHATA** खाता नं. **२१५०१०१७५०००४५** मा रकम जम्मा गरी सक्कलै भौचर दरखास्त फारम सँगै भुम्लु गाउँपालिकाको प्रशासन शाखामा पेश गर्नुपर्नेछ ।

५. **आवेदन साथ संलग्न कागजातहरु आवेदक स्वयम् ले प्रमाणित गरेको देहाय बमोजिम कागजातका प्रतिलिपिहरु :**
क) नागरिकता
ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
ग) चारित्रिक प्रमाणपत्र
घ) अनुभवको प्रमाणपत्र
ङ) ३ प्रति पासपोर्ट साइजको फोटो
च) मेडिकल काउन्सिलमा दर्ता हुनुपर्ने पदका लागि काउन्सिल दर्ता प्रमाणपत्र

६. **सेवा सुविधा :** नेपाल सरकारले तोकेको न्यूनतम तलबमान तथा गाउँपालिकाले तोकेको प्रोत्साहन भत्ता ।

७. **उमेर हद :** २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**Gmail:** *info@bhumlumun.gov.np, cad.bhumlumun@gmail.com*
**Website:** *www.bhumlumun.gov.np*

**प्रमुख प्रशासकीय अधिकृत**



**सरसफाइ अभियान** | डिभिजन वन कार्यालय ललितपुरको आयोजनामा शनिबार कर्मनाशा खोला आसपासको क्षेत्र सरसफाइ गरिँदै । साथै, सरसफाइ अभियानको ड्रोनबाट अवलोकन गरिँदै । *तस्बिरः अर्चना झा/रासस*

# 'कोलम्बियाको शान्ति प्रक्रियाका अनुभव नेपालका लागि सान्दर्भिक'

**काठमाडौं (प्रस)**– संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्बाङले कोलम्बियाको शान्ति प्रक्रियाका सकारात्मक अनुभवबाट पाठ सिकेर नेपालले बाँकी काम पूरा गर्न सक्ने बताएका छन् ।

संक्रमणकालीन न्यायसम्बन्धी अध्ययनका लागि कोलम्बिया पुगेको नेपाली प्रतिनिधिमण्डलको सम्मानमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै संविधानसभाका अध्यक्ष नेम्बाङले शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन राष्ट्रपति हुवाँ म्यानुअल सान्तोषले निर्वाह गरेको मुख्य भूमिकाको प्रशंसा गरेका थिए ।



अध्यक्ष नेम्बाङले भने, 'लामो युद्ध समाप्त गर्न तपाईंको उत्कृष्ट प्रयासको हामी प्रशंसा गर्दछौं ।' शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याएकामा प्रोत्साहनस्वरूप सन् २०१६ मा राष्ट्रपति हुवाँ म्यानुअल सान्तोषलाई नोबेल शान्ति पुरस्कारबाट सम्मानित गरिएको थियो ।

सरकार र कोलम्बियाको क्रान्तिकारी सशस्त्र बल (फार्क) लगायत विभिन्न सशस्त्र समूहबीचको ५० वर्षभन्दा लामो सशस्त्र संघर्ष अन्त्य भएको थियो । नेपालले पनि १० वर्ष लामो सशस्त्र संघर्ष सन् २००६ मा शान्ति सम्झौतामार्फत अन्त्य भएको प्रसंग जोड्दै अध्यक्ष नेम्बाङले त्यसपछि नेपाल थप दिगो शान्तितर्फ उन्मुख भएको बताए ।

शान्ति प्रक्रियाको आधार भूमिमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, धर्मनिरपेक्षता, समावेशी लोकतान्त्रिक प्रावधान र प्रगतिशील विषयवस्तुसहितको नयाँ संविधान जारी भएको छ। त्यस्तै पूर्वलडाकूको व्यवस्थापन सफलतापूर्वक सम्पन्न भएको छ । नेम्बाङले भने, 'नेपाली जनताले मलाई संविधान निर्माण गर्ने दुवै संविधानसभाको अध्यक्षता गर्ने ऐतिहासिक अवसर प्रदान गरेकामा म प्रसन्नता व्यक्त गर्दछु ।'

नेपालको संक्रमणकालीन न्यायका केही काम बाँकी रहेकाले त्यसलाई तार्किक निष्कर्षमा पुऱ्याउन आफूहरू प्रयासरत रहेको उनको भनाइ थियो । संक्रमणकालीन न्यायसम्बन्धी विधेयक संसद्मा विचाराधीन अवस्थामा छ । उनले नेपाली शान्ति प्रक्रियामा खेलेको भूमिकाका लागि स्वीस सरकार र बोगोटास्थित स्वीस दूतावासलाई स्वागत समारोहको आयोजना गरेकामा विशेष धन्यवाद दिए ।

नेपाली प्रतिनिधिमण्डलका नेतासमेत रहेका अध्यक्ष नेम्बाङले राष्ट्रपति सान्तोषको भूमिकाको उच्च प्रशंसा गर्दै कोलम्बियाको शान्ति प्रक्रियाका कतिपय अनुभव नेपालका लागि पनि सान्दर्भिक हुने बताएका थिए ।

नेपाली प्रतिनिधिमण्डलले कोलम्बियाका तत्कालीन सशस्त्र विद्रोही समूहका प्रमुख रोड्रिगो लोन्डोनो, शान्तिका लागि विशेष अदालतका अध्यक्ष रोबर्टो कार्लोस भिडाल, शान्ति प्रक्रियामा विशेष भूमिका खेल्ने पूर्वमन्त्री क्रिस्टो र विभिन्न पीडितसँग भेटवार्ता गरी अन्तर्क्रिया गरेको थियो ।

# पहिलोपटक जिब्रो छेडेका सुजन महाद्वीप बोकेर टोलटोल घुमे



■ रमेश गिरी

**भक्तपुर–** मध्याह्नदेखि नै मध्यपुरथिमिको बोडे क्षेत्रमा मानिसहरूको भीड बढ्दै गयो । हेर्दाहेर्दै मध्यपुरथिमि नगरपालिका बोडेको पाँचो गणेशको दक्षिण फर्केको पाटी आसपासदेखि बोडेको अधिकांश क्षेत्रमा मानिसको भीड निकै बाक्लो भयो ।

बिस्केट जात्राको अवसरमा हरेक वर्ष २ गते मनाइने मध्यपुरथिमि बोडेको प्रसिद्ध जिब्रो छड्ने जात्रा हेर्न दिउँसो १ बजेसम्म मानिस खचाखच भए । दिउँसो २ बजे बाँसको चिम्टी बजाउँदै एक हुल मानिस हातको सांलो बनाएर जिब्रो छेड्ने पाँचो गणेश मन्दिर क्षेत्रमा आएपछि सबैको ध्यान त्यतैतिर केन्द्रित भयो । बीचमा थिए, जिब्रो छेड्न तयार भएका २७ वर्षीय सुजन श्रेष्ठ । उनी सबै देवीदेवताको मन्दिरमा पुगेर पूजा गर्दै आइपुगे ।

सुजनको आगमनसँगै बोडेका बासिन्दाले जयजयकार गरे । पाँचो गणेशको दक्षिण फर्केको पाटीमा बनाइएको मञ्चमा सुजन उक्लिएपछि लगातर यसअघि १२ पटक जिब्रो छेडाइसकेका कर्मीनाय कृष्णचन्द्र वाग श्रेष्ठ, नाय पमाः जलकृष्ण पिला श्रेष्ठ, अर्का पमा माइला भासिको श्रेष्ठ, यसअघि आठपटक जिब्रो छेडाएका जुजुभाइ वाग श्रेष्ठ पनि मञ्ममा उक्लिए ।

सुजनका ठूलो बुबा कर्मीनाय कृष्णचन्द्रले वरिपरि अक्षता फूल छर्किएर देवीदेवतालाई सम्झँदै धूप बत्ती बालेपछि एक महिनाअघि तयार पारी तेलमा डुबाइराखेको १० इन्च लामो फलामको सुइरोले हजारौं मानिसकै अगाडि वाग श्रेष्ठ (सुजन)को जिब्रो छेडिदिए ।

त्यसपछि उनले सबैलाई नमस्कार र अभिभावदन गरेपछि चन्द्राकारको भ्वाय् अर्थात् महाद्वीप बोकेर निस्किए सुजन, सँगैसँगै बुद्धकृष्णले छोरा सुजनलाई अगाडि बढाइरहे । त्यसक्रममा जिब्रो छेडाएका अनुभवी जुजुभाइदेखि स्थानीय दीलकृष्ण प्रजापतिसमेतले पहिलोपटक जिब्रो छेडाएका सुजन सँगसँगै हिँडेर हौसला प्रदान गरिरहे ।

महाद्वीप बोकेर सुजनले करिब एक घण्टासम्म बोडेको टोलटोल घुमेर विभिन्न देवीदेवताका मन्दिरको परिक्रमा गरे । त्यसपछि जयजयकार गर्दै मन्दिरमा महालक्ष्मीको खट ल्याइ पुऱ्याइयो । त्यसको केही क्षणपछि भाँगु टोलमा पुगेर महालक्ष्मी मन्दिरको पाँचपटक परिक्रमा गरेपछि महाद्वीपलाई मन्दिरबाहिर राखेर सुजनभित्र प्रवेश गरेपछि जिब्रोको सुइरो निकालेर मन्दिरको भित्तामा रहेको काठमा ठोकियो । त्यसपछि जात्रा पनि सम्पन्न भयो र हजारौंको भीड विस्तारै तितरवितर लाग्यो ।

चैत मसान्तको दिन बोडे महालक्ष्मी मन्दिर प्रांगणमा लिंगो उठाएपछि जिब्रो छेड्ने व्यक्तिले निराहार व्रत बसेर आज जिब्रो छेडेपछि जिब्रोको घाउमा महालक्ष्मी मन्दिरको माटो झिकेर लाएर जिब्रो छेड्ने व्यक्तिले नाटचश्वरको पूजा गरेका थिए । प्वाल भएको जिब्रोमा महालक्ष्मीको माटो लगाए घाउ निको हुने र त्यसमा अन्य औषधि लाउनु नपर्ने मान्यता रहेको जुजुभाइ बताउँछन् ।

परम्परादेखि चल्दै आएको जिब्रो छेड्ने जात्रालाई लोप हुनबाट जोगाउन यसअघि नवौं पटक जिब्रो छेडेका बुद्धकृष्णकै कान्छो छोरा तयार भए र यस वर्ष पनि जात्राले निरन्तरता पायो । बुद्धकृष्ण भन्छन्, 'यो वर्ष सुजनले जिब्रो छेडायो, अर्को वर्ष पनि जिब्रो छेडेर जात्रालाई नियमित सञ्चालन गर्न यहाँका युवा पुस्ता तयार हुनुपर्छ, यहाँको जात्रा यहींको युवाले अब जोगाउने हो ।'

मध्यपुरथिमिका पूर्व नगरप्रमुख मदनसुन्दर श्रेष्ठले जिब्रो छेड्ने ठाउँ साँघुरो भएपछि जात्रालाई सहज बनाउन आफ्नो पालामा जग्गा खरिद गरेर नयाँ पाटी बनाएर ठाउँ फराकिलो बनाएको बताए । जात्रालाई व्यवस्थित गर्न नगरपालिकाले आवश्यक सहयोग गर्दै आएको नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले बताए । उनले मध्यपुरथिमिका जात्रा पर्वका लागि यसअघि गरिएको व्यवस्थालाई निरन्तरता दिएको बताए ।

नगरपालिकाका उपप्रमुख विजयकृष्ण श्रेष्ठले यस वर्ष जात्रा हेर्नका लागि नेपाली कांग्रेसका सांसद दुर्लभ थापालगायतका विभिन्न नेताहरू तथा माओवादी केन्द्रका नेता आएको बताए । जात्राको किम्वदन्तीअनुसार प्राचीनकालमा बोडेमा नीलबाराहीको दायाँबायाँ बस्ने भूत-प्रेत, पिसाच, ख्याक तथा कंकालले बोडेका मानिसलाई धेरै दुःख दिने गरेपछि तान्त्रिक भीमदत्त कर्माचार्यले तान्त्रिक विद्याले थापेको पासोमा त्यसलाई पारेर कपाल काटे, लुगा फुकाले र लामो सियो जबर्जस्ती जिब्रोमा घुसारी भाग्न नपाओस् भनी घुँघरु बाँधिदिए बलेको महाद्वीप काठको गहुंगो भारी बोकाएर बोडे घुमाए । कष्ट सहन नसकी पिशाचले आफूलाई छाडिदिए जुनसुकै वाचा गर्ने बताएपछि भीमदत्तले अब उप्रान्त बोडे देशमा दुःख नदिने, बोडेमा रोग, अनिकाल, अनावृष्टि, अतिवृष्टि, महाभूकम्प हुन नदिने, धर्मको चेष्टा बढाउने र बोडेवासीले भनेझैँ सात वर्षसम्म सोही दिन जिब्रो छेड्न आउनुपर्ने वाचा गराई छाडिदिएको किंवदन्ती छ ।

एक रात सपनामा नीलबाराहीले आफ्नो द्वारपाललाई अपमानित गरेकाले भीमदत्तलाई बाँकी नराख्ने भनी आक्रोश व्यक्त गरेपछि पछुतो मान्दै भीमदत्तले जिब्रो छेड्नु अगाडि क्षमा पूजा गर्ने चलन चलाए । जुन अहिलेसम्म पनि कायमै छ । तर, यो कथनलाई मान्न तयार छैनन्, बुद्धकृष्ण । उनी भन्छन्, 'यो जात्रा नील बाराही देवीको प्रतिष्ठासँग जोडिएको छ, जिब्रो छेड्ने व्यक्ति भूत, पिसाच कोही नभई नील बाराहीका देवगण हुन् ।'

जिब्रो छेड्ने व्यक्तिलाई ख्याक र राक्षससँग जोडेर भ्रम फैलाउन नहुने बताउँछन् । जिब्रो छेड्ने व्यक्ति ख्याक वा राक्षस होइनन्, देवगण हुन् भन्ने सबैलाई बुझाउनु जरुरी रहेको उनले बताए । *रासस*

# सांसद कारबाहीबारे संघीय संसद् सचिवालयले अध्ययन गर्ने

**काठमाडौं (प्रस)**– राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्ना समानुपातिक सांसद ढाकाकुमार श्रेष्ठलाई गरेको कारबाहीबारे संघीय संसद् सचिवालयले अध्ययन गर्ने भएको छ । सो पार्टीले समानुपातिक सांसद श्रेष्ठलाई गएको चैत ३० गते सांसदबाट निष्कासित गर्दै पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको थियो ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्थाअनुसार संघीय सचिवालयले रास्वपाले श्रेष्ठमाथि गरेको कारबाही कानुनसम्मत छ कि छैन भनेर अध्ययन गर्न लागेको जनाइएको छ । सचिवालयले आइतबारदेखि अध्ययन गरेर सोबारेको यथार्थ सभामुखलाई जानकारी गराउने संघीय संसद्का प्रवक्ता एकराम गिरीले बताए ।

उनका अनुसार राजनीतिक दलसम्बन्धी ऐनले जे-जे व्यवस्था गरेको छ, साधारण सदस्यबाट निष्कासन गर्नका लागि जुन विधि प्रक्रिया अपनाउनुपर्छ भनिएको छ, सोसम्बन्धी प्रक्रिया पूरा गरेको छ कि छैन भनेर अध्ययन गरिनेछ । राजनीतिक दलसम्बन्धी ऐनको दफा ३४, ३५ र ३६ मा संसद् सदस्यले दल त्याग गरेमा वा निष्कासन गरेमा त्यसको सूचना संसद्मा दिनुपर्ने र सो सूचना दर्ता भएको १५ दिनभित्र सभामुखले प्रतिनिधिसभाको बैठकमा वाचन गरेर जानकारी गराउनुपर्ने व्यवस्था रहेको छ ।

संसद् नचलेको बेला छ सभामुखले सूचना पार्टीमा सूचना टाँस गरेर जानकारी गराउनुपर्नेछ । गत चैत ३० गते ढाकाकुमार श्रेष्ठलाई कारबाही गरेको पत्र रास्वपाले आयोगमा पठाएको थियो । आगामी वैशाख १४ गतेभित्र उनीमाथि गरिएको कारबाही प्रक्रियागतरूपमा ठीक भए सभामुखले स्थान रिक्तताको जानकारी गराउने संघीय सचिवालयले जनाएको छ । सभामुखले सदनमा स्थान रिक्तताको जानकारी गराएपछि निर्वाचन आयोगले समानुपातिक बन्दसूचीमा रहेका कुनै एक उम्मेदवारलाई प्राथमिक्ता क्रमअनुसार छनोट भएका व्यक्तिलाई समानुपातिक सांसदमा निर्वाचित गर्ने बताइएको छ ।

रास्वपाले भने समानुपातिक सूचीमा रहेका विन्दवासिनी कंसाकारलाई समानुपातिक सांसद पदमा निर्वाचित गर्ने निर्णय गरेको छ । मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग दुई करोड रूपैयाँ घूस मागेको अडियो सार्वजनिक भएपछि रास्वपाले सांसद श्रेष्ठलाई कारबाही गरेको थियो ।

# रौतहटमा गोली चल्दा एक जनाको मृत्यु

काठमाडौं (प्रस)- रौतहटको गढीमाईमा गोली हानाहान हुँदा एक जनाको मृत्यु भएको छ ।

शनिबार जग्गा विवादलाई लिएर दुई समूहबीच झडप हुँदा गढीमाई नगरपालिका वडा ८ का रामकुमार रायको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

वडा नम्बर ८ धोबिनियामा जग्गा विवादलाई लिएर दुई समूहबीच विवाद भएपछि गोली हानाहान भएको थियो । घटनामा परी तीन जना घाइते भएका छन् । घाइते तीनै जनाको उपचार गरुडास्थित ग्राण्डी अस्पतालमा भइरहेको र घटनाबारे थप अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ ।

# वर्षमानकी आमामाथि गोली प्रहार

**काठमाडौं (प्रस)**– पूर्वमन्त्री एवं माओवादी केन्द्रका नेता वर्षमान पुनकी आमा तीर्थमालीमाथि गोली प्रहार भएको छ । शुक्रबार राति बालुवाटारस्थित घरमै रहेकी तीर्थमालीलाई प्रहरी सहायक हवल्दार प्रकाश पुन मगरले बोकेको पेस्तोलबाट गोली लागेको प्रहरीले जनाएको छ । देब्रे खट्टामा गोली लागेका उनलाई वीर अस्पतालमा भर्ना गरिएको र उनको अवस्था खतरामुक्त रहेको परिवार स्रोतले जानकारी दिएको छ ।

प्रकाशलाई भने प्रहरीले अनुसन्धानका लागि नियन्त्रणमा लिएको छ । प्रहरीसँगको बयानमा उनले नियतबस गोली नचलाएको दाबी गरेका छन् । यद्यपि, उनले शुक्रबार राति मादकपदार्थ सेवन गरेको देखिएको छ । हवल्दार प्रकाश कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्कीका पछुवा सुरक्षामा खटिएका प्रहरी हुन् । तीर्थमाया नातामा प्रकाशको हजुरआमा पर्ने बताइएको छ ।


**कम्पनीको नाम परिर्वतन उद्धेश्य संशोधन र पुँजी वृद्धि सहितको प्रबन्धपत्र र नियमावलीमा संशोधन गरिएको सूचना**

**तेस्रोपटक प्रकाशित मिति : २०८०/०१/०३**

यस कम्पनीको मिति २०७९/११/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी **धुलिखेल अरनिको रिसोर्ट प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **स्काई गार्डेन रिसोर्ट प्रा.लि.**(परिवर्तित नाम)कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/१२/१४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **स्काई गार्डेन रिसोर्ट प्रा.लि.(प्रा.लि.नं.१५६०८८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**साउदी अरबीयमा वैदेशिक रोजगारको अवसर**

**कम्पनीः AL-EZZ AL-MOTAMAYEZ CAR SERVICES EST.**

पूर्व स्वीकृति मिति २०७९/१२/२९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/३० | LT. No.284659 | चलानी नं. ६०२०००१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Mechanic | 2 | 0 | 1400 | ४८,८७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Vehicle Plumber | 1 | 0 | 1400 | ४८,८७७ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १० गते (23th April 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०८८/०७३/०७४

**Al Noor Overseas Pvt. Ltd**

Samakhushi-29, Kathmandu, Nepal Phone : +977-1-4383094, 4360824

E-Mail : operation.alnoor@gmail.com. Website : www.alnooroverseas.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### बजेट अनुशासनको पालना खै ?

राजनीतिक अस्थिरताको सीधा प्रभाव मुलुकको खर्च प्रणालीमा पर्दछ । छिटो–छिटो सरकार परिवर्तन हुँदा आउने नयाँ मन्त्रीहरूले ल्याउने नयाँ–नयाँ योजना र पार्टीगत तथा व्यक्तिगत स्वार्थ बजेट विनियोजनदेखि कार्यान्वयन तहसम्म हावी हुने गर्दछ । जसबाट मुलुकको धुकुटीबाट अनावश्यक ठाउँमा खर्च भइरहेका हुन्छन्, त्यो क्रम नेपालमा वर्षौंदेखि चल्दै आएको छ । त्यसो त बजेट निर्माणको आफ्नै प्रक्रिया छ । अर्थ मन्त्रालयको नेतृत्वमा मुलुकको वार्षिक बजेट निर्माण र कार्यान्वयन हुने गर्दछ । तर, विनियोजित बजेटबाट नियमविपरीत खर्च गर्ने प्रवृत्ति नियन्त्रणमा आउन सकेको छैन ।

महालेखापरीक्षकको ६०औं वार्षिक प्रतिवेदनमा सरकारले बजेट अनुशासन पालना नगर्दा खर्च प्रणालीमा गम्भीर विचलन देखिएको औंल्याएको छ । बजेट खर्च गर्ने शैलीमा विकृति बढ्दै गएको उल्लेख गर्दै महालेखाको प्रतिवेदनले सरकारको रकमान्तर प्रवृत्ति र वर्षान्त खर्चबारे गम्भीर प्रश्नसमेत उठाएको हो । गत आर्थिक वर्ष २०७८/७९ मा सरकारले पुँजीगत खर्चकै हाराहारीमा रकमान्तर गरेको महालेखाले औंल्याएको छ । गत आर्थिक वर्षमा सरकारको कूल पुँजीगत खर्च दुई खर्ब १६ अर्ब रूपैयाँ बराबर थियो । जबकि, सरकारले विभिन्न योजना तथा कार्यक्रमका लागि गरेको रकमान्तर मात्रै दुई खर्ब रूपैयाँ हाराहारी छ । गत आर्थिक वर्षका लागि सरकारले १६ खर्ब ३२ अर्ब ८२ करोड ९२ लाख रूपैयाँ बराबरको बजेट ल्याएको थियो । सोमध्ये एक खर्ब ९६ अर्ब ४१ करोड ४८ लाख ८४ हजार रूपैयाँ अर्थात् कूल बजेटको १२.०३ प्रतिशत रकमान्तर भएको देखिन्छ ।

सरकारले ठूलो मात्रामा गरेको रकमान्तरमध्ये अधिकांश रकम आर्थिक वर्ष सकिने बेला अर्थात् असारमा भुक्तानी दिइएको छ । गत असार महिनामा ८२ अर्ब ८० करोड ६७ लाख ८५ हजार रूपैयाँ र असारको अन्तिम हप्तामा मात्र २६ अर्ब ९९ करोड ६९ लाख ९१ हजार रूपैयाँ बराबर रकमान्तर भएको महालेखाको प्रतिवेदनमा उल्लेख छ । सरकारले गत वर्ष अर्थ विविध शीर्षकमा मात्रै एकमुष्ट ८८ अर्ब ७० करोड ७२ लाख बराबर विनियोजन भएको थियो तर रकमान्तर गर्दा सरकारले विभिन्न बजेट उपशीर्षकबाट १५ अर्ब ७२ करोड ८१ लाख रूपैयाँ रकम चलाएको देखिन्छ । त्यस्तै, वार्षिक बजेटमा राखिएका शीर्षकबाहेक थप ७९ अर्ब ४६ करोड ८४ लाख रूपैयाँ बराबर रकमान्तर भएको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

वार्षिक विनियोजन ऐन तथा बजेट वक्तव्यमै नपरेका र बजेट खर्च नै गर्न नसक्ने आयोजना तथा कार्यक्रमसमेतमा सरकारले रकमान्तर गरेको देखिन्छ। बजेट खर्च हुन नसक्ने अवस्थामा पनि विभिन्न बजेट उपशीर्षकमा रकमान्तर हुने गरेको देखिएको छ भने वार्षिक विनियोजनमा बजेट शीर्षक नै नराखिएका विभिन्न १० वटा कार्यक्रममा रकमान्तर भएको छ । सुरु बजेट विनियोजन नभएको कार्यक्रममा रकमान्तरबाट थप गरी खर्च गर्नु बजेट सिद्धान्तअनुरूप नभएको महालेखाको भनाइ छ । बजेटमा यस्तो बेथिति नियन्त्रणका लागि महालेखाले हरेक वर्ष निर्देशन दिँदा पनि नियन्त्रणमा आउन नसक्नु दुःखद हो । बजेट अनुशासनको पूर्णपालनाका लागि सरकार गम्भीर बन्नुपर्छ । साथै, बजेट अनुशासन पालना नगर्ने सम्बन्धित अधिकारीलाई कडा कारबाहीको व्यवस्था गरियोस् ।

## मनन्योग्य

### विदुर नीति

यस ढोकाबाट आउनेले यमराजलाई ज्यादै कठोर र भयङ्कर रूपको देख्दछ । वास्तवमा यमराज ज्यादै नैं सौम्य आकृति भएका र शालीन व्यक्तित्वका धनी छन् ।

धर्मराज ईश्वरकै एउटा स्वरूप हुन्, तर भगवत् धर्मलाई बुझ्ने १२ जना महात्माका प्रमुख रूपमा उनलाई मानिएको छ । उनी भगवान्का ठूला भक्त र ईश्वरको रहस्यलाई बुझ्ने एक उच्चस्तरका ज्ञानी पुरुष हुन् । उनले आफ्नो कार्य सम्पादनको सिलसिलामा खटाइने आफ्ना अनगिन्ती दूत र तिनका सहायकहरूलाई भगवत् धर्मको रहस्य बताउने गरेका छन् र कस्तो जीवलाई कुन बाटोबाट ल्याउने गर्नुपर्दछ, कोसंग कस्तो वार्ता गर्नुपर्दछ भन्नेबारे बेलाबखतमा सम्झाइरहने पनि गर्दथे । आफू पनि मन, वचन र कर्मले भगवान्को भक्त थिए अनि आफ्ना काममा सहयोगी दूतहरूलाई पनि यस्तै किसिमका शिक्षाहरू दिने गर्दथे। धर्मराजले दूतलाई सम्झाउँदै भनेका थिए-

'हे दूत हो ! जुन मनुष्यको जिब्रोले भगवान्को पवित्र गुण, लीला र नामहरू बोल्दैन, अनि मनले भगवान्को पाउनको स्मरणसम्म पनि गर्दैन' जसको मस्तक भगवान् र उनका भक्तहरूलाई देख्ता एकछिन पनि नुहुदैन, भगवान्को सत्यस्वरूपबाट आफू टाढा रहने गर्दछन् । त्यस्तालाई तिमीहरूले भयङ्कर नरकको बाटो (दक्षिणपन्थ) बाट यमराजको सामुन्ने उपस्थित गराने गर्नू ।' क्रमशः

# बिस्का जात्रा एक, आख्यान अनेक



▶▶ पदम श्रेष्ठ

सौर्यमासका आधारमा मनाइने देशको एकमात्र जात्रा हो, बिस्का जात्रा । भक्तपुरको भाख्योमा चैत्र मसान्तका दिन नागपताकासहितको लिंगो उठाई वैशाख १ गते (खाइसल्हु) का दिन लिंगो ढाली मनाइन्छ यो जात्रा । विसिका नाग मरेपछि मनाउन थालिएको बिस्का जात्रा भक्तपुरका अलावा मध्यपुर थिमी, टोखा, फुटुङ, गोकर्णमा पनि एकसाथ मनाइन्छ ।

सौर्यमासका आधारमा मनाइने देशको एकमात्र जात्रा हो, बिस्का (बिस्केट) जात्रा । भक्तपुरको भाख्योमा चैत्र मसान्तका दिन नागपताकासहितको लिंगो उठाई वैशाख १ गते (खाइसल्हु) का दिन लिंगो ढाली मनाइन्छ यो जात्रा । विसिका नाग मरेपछि मनाउन थालिएको बिस्का जात्रा भक्तपुरका अलावा मध्यपुर थिमी, टोखा, फुटुङ, गोकर्णमा पनि एकसाथ मनाइन्छ ।

आख्यानुसार, प्राचीनकालमा भक्तपुरकी रानीसँग जसले विवाह गरी रात बिताउँथे, उसको मृत्यु हुन्थ्यो । भाइ भारदारले रानीलाई पुनः विवाह गराई राजा घोषणा गर्थे तर रात बिताएकै दिन राजाको मृत्यु हुन थालेपछि राजा नै पाउन छोडेछ । एक दिन एक जना दाउरे फेला पऱ्यो तर दाउरेको मनमा प्रश्न उब्जियो- यात्रो ठूलो देशकी रानीसँग विवाहको प्रस्ताव किन आइरहेको छ ? सुहागरातमा दाउरे राजा जब सोचमग्न बसिरहे, रानीको नाकबाट सानो सर्प निस्किएर ठूलो अजिंगरको रूप लिँदै गएछ । आश्चर्यचक्ति राजाले सर्पलाई तीन टुक्रा गरी काटिदिन्छन् । यही खुसीयालीमा नाग-नागिनीको लास ३२ हाते लिंगोमा उठाएर वि (नाग) र सिका (मारिए) पछि बिस्का जात्रा मनाउन थालिएको हो ।

अर्को आख्यानुसार मञ्जुश्रीले नेपाल उपत्यकाको पानी चोभारबाट बाहिर पठाए पनि नाग-नागिनीकै बास थियो । छालिङ राजधानी रहेको बेला सिकार खेल्न जंगल पसेका राजा सूर्यकेतुले एउटा पोखरीको डिलमा मुसाले बिरालोलाई गर्दन समाएर पछारेको देखेछन् । आश्चर्यचक्ति दृश्य हेरिरहेका राजालाई छुमा गणेशले प्रत्यक्ष दर्शन दिँदै भने छन्- राजा जंगली विषालु नाग-नागिनीको सम्हार गरी बस्ती विस्तार गर्नू । गणेश भगवान्को आज्ञामुताविक बस्ती विस्तारको खुसीयालीमा बिस्का जात्रा मनाउन थालिएको हो । नाग-नागिनीको प्रतीक ३२ हाते लिंगोमा झुन्डयाइने पताहा र राजा सूर्यकेतुको प्रतीकस्वरूप भैरव-भैरवी खट रहेको कथन छ ।

### बोडेको जिब्रो छेड्ने र थिमीको ३३ कोटी खटयात्रा

मध्यपुर थिमीको बोडेस्थित शंखकोटमा दिनमा जंगली र रातभर भूतप्रेतले दुःख दिन थालेपछि देशवासी खेतको बीचमा बस्ती विस्तार गरी बुँदे अर्थात् खेतको बीचमा बस्ती बसाएछन् । खेतको बीचमा बस्ती सार्दा पनि ख्याकले बालबालिका खान नछाडेपछि पीडित देवपत्तनस्थित तान्त्रिक बन्धुदत्त आचार्यका छोरा भीमदत्तसमक्ष समाधनार्थ पुग्छन् । भीमदत्तले बस्तीको चारैतिर तारण छोडी एक महिनासम्म खेत नजान जब उर्दी जारी गरे तब मनोहरा नदीको किनारैकिनार बोडे पसेका पिसाच तारणमा फस्छन् । लामो जिङग्रिंग सुइरोजस्तो कपाल, मोटो जिब्रो, डरलाग्दा आँखा भएका पिसाचलाई पक्रिएर केर्दा नीलवाराहीको दाहिने ख्याक भएको बताउँछन् ।

तान्त्रिकले तारणकै अवस्थामा ख्याकको कपाल काटी जबर्जस्ती जिब्रोमा सियो घोचेर सजाय दिनुका साथै भागेर जाला भनी खुट्टामा घुंगुरु, काँधमा महाद्वीप बोकाइ देश परिक्रमा गराएछन् । बेइज्जत खप्न नसकी ख्याकले अब उप्रान्त कसैलाई दुःख नदिने, बरु जिब्रो छेड्न आउने, बोडेवासीलाई रोग, अनिकाल, अनावृष्टि र महाभूकम्पजस्ता प्रकोपबाट बचाउने वाचा गरेछन् । वाचा गराई छोडेका भीमदत्त (भिन्दुवा श्रेष्ठ)लाई नीलवाराहीले सपनामा रिसाउँदै भनिछन्- तिमीले मेरो दाहिने ख्याकप्रति अपमान गऱ्यौं, म तिमीलाई छाड्ने छैन । सपनाको प्रकोपबाट भिन्दुवाका वंशजले जिब्रो छेड्ने र नीलवाराहीमा क्षमापूजा गरी महालक्ष्मीदेवीमा महापूजा चढाउने प्रचलन कायमै छ । बोडेको भूतप्रेतले थिमी पनि अछूतो रहन सकेन । दैत्यहरूले छोरीचेलीसमेत बेपत्ता पार्न थालेपछि बालकुमारी अजिमाँको प्रार्थना गर्दा जिब्रो छेड्ने जात्राकै दिन सम्पूर्ण अष्टमातृका गण जगाउन निर्देशन भएअनुरूप पाँचों गणेश, महालक्ष्मी हाँसिमिला, न्हुम्ह वाराही, पुलाम्ह वाराही, कालिका, सिद्धगणेश, थिमी विष्णुदेवीलगायत ३२ खटको विशाल सिन्दुरे जात्रा हुने गर्दछ ।

### बिस्कामा भैरव-भद्रकाली खट जात्रा

हिन्दुस्थानीहरूले काशी, जगन्नाथ, बद्री, केदार चार धाम ८४ अड्डा तीर्थाटनपछि शिरधाम पशुपतिनाथको दर्शन नगरे तीर्थाटन पूरा भएको मान्दैनन्, त्यसैगरी काशीको जगन्नाथ दर्शनपश्चात् भक्तपुरको विश्वनाथ भैरवको दर्शन हुँदैन, तबसम्म तीर्थाटन पूरा भएको मानिँदैन ।

रोचक किंवदन्ती छ- काशी विश्वनाथ बिस्केट जात्रा हेर्न भक्तपुर पुग्दा तान्त्रिकले पासुका (तान्त्रिक धागो)ले बाँधी नेपालमै राख्न चाहे तर विश्वनाथ फुत्किएर अलप हुन खोज्दा टाउको नै छेदन गरी नेपालमा नै राखेको हुँदा काशीमा विश्वनाथको शरीर मात्र हो । कथन छ- मुगलद्वारा काशी नरेशलाई कब्जामा लिई विश्वनाथ मन्दिरमा मास्जिद बनाउन लागेपछि लिंगायत जंगमले काशी शिवलिंगलाई नेपाल भित्र्याएका हुन् । राजा यक्ष मल्लले बढ्दो बौद्ध धर्मको प्रभावलाई निस्तेज गरी शैवमतको उत्थान गर्न बिस्केट जात्रामा भैरव भद्रकाली रथारोहण र ने.सं. ६९२ मा राजा विश्व मल्लले दरबारअगाडि जंगम मठ निर्माण र बसोबास गराएका हुन् ।

### टोखा बिस्का जात्रा


प्रत्येक वर्ष चैत्र मसान्तदेखि वैशाख ४ गतेसम्म सपनगणेश, च्वय गणेश, क्वुय गणेश, पिंगद्यो (मसानकाली), इन्द्रायणी, चण्डेश्वरी र महादेवसहितको खटजात्रा मनाउने टोखा बिस्का जात्रा लायक लाछीमा ३२ हाते लिंगो उठाएपछि सुरू हुन्छ । वैशाख मसान्तका दिन उपत्यकाको चारैतिर रहेका धिनाच्व (शिवपुरी) डाँडामा रात बिताइ बागद्वार मूलमा नुहाइ नयाँ वर्ष वैशाख १ गते टोखा सपनतीर्थ नुहाउनाले पाप कर्म नष्ट हुन्छ भन्ने मान्यता रहेको छ । परापूर्वकालमा सत्यवन्त राजाका सातवटी छोरीमध्ये छ वटीको विवाह भए पनि कान्छी छोरी केशरी मैयाँले पिताले चाहेअनुसार विवाह गर्ने बताइन् । राजाले पनि ख्यालख्यालैमा त्यसो भए पाटीमा बस्ने महारोगीसँग विवाह गर्छेस् त भनी सोध्दा छोरीले हुन्छ भनिदिइछन् ।

राजाको मुखबाट निस्किएको बोली काट्ने कुरो भएन । विवाहपश्चात् सिद्धमान ज्यापूले बनाइदिएको छाप्रोमा बस्न लागे । एक दिन एक जना गोठालाले गालामा पर्न आएको फटचांग्रा हातले समाई हात-खुट्टा चुँडाएर नदीको दोभान सपनतीर्थमा जब फ्याँकिदिए, फटचाङग्रो जस्ताको तस्तै उत्रिएर हिँड्न थालेछ । यस्तो देखी महारोगीले पनि बामे सर्दै सपनतीर्थमा डुबुल्की मार्दा उनी पनि सुन्दर युवकका रूपमा बाहिर आएछन् । यसै दिनदेखि बौद्ध देवीवज्रयोगिनी (गुँमाद्यो) नागार्जुनको पादमा अवस्थित सपनतीर्थमा नुहाउने मेला लाग्न थालेको बताइन्छ । आफ्ना पतिलाई रोगमुक्ति दिने सपनतीर्थमा केशरीमैयाँले स्थापना गराएको सपनविनायक स्थापित छ भने १५ मिनेट टाढा शिवपुरी डाँडाको फेदमा वज्रयोगिनी देवी सादा ढुंगाका रूपमा रहेका छन् । टोखा जात्राको अन्त्यमा देशवासी यहाँ समापन पूजा गर्न पुग्ने गर्छन् ।

### मसानकाली बिस्काजात्रा र वीभत्स होम

सपनतीर्थ नुहाउने मेला सकिएलगत्तै टोखा रक्षार्थ स्थापित मसानकाली (पिगँद्यो) मा धर्मीमा जति पनि अन्न उत्पादन भएको छ सबै (१०८ प्रकारको अन्न), जीवितै एक जोडी माछा, सर्प, परेवा र निक्खर कालो बोको दनदनी बलिरहेको आगोमा होम गर्ने वीभत्स यज्ञ हुने गर्दछ । यसरी होम गर्नाले देशमा कुनै पनि प्रलय आउँदैन भन्ने मान्यता छ । केही दिनअघि लाछीटोलमा बिस्काको लिंगो ठड्याएर जात्रा सुरु गरिन्छ । यस जात्राबारे प्रख्यात किंवदन्तीअनुसार टोखावासी साँझपख मसानकाली भाख्यो पुग्दा देवतासँग आँखा जुध्न गई मृत्यु हुन पुग्दथ्यो । यस्तो आतंकबाट बच्न काठमाडौंका तान्त्रिकसँग सल्लाह माग्दा उनले कालिका माजुको टाउकामा जुम्रा हेरिदिन्छु भन्दै टाउकादेखि जमिनसम्म धसिने गरी किला ठोकिदिएछन् । र, देवीलाई स्थिर राख्न कर्माचार्य पुजारीले प्रत्येक वर्ष हृदयविदारक पूजा र जात्रा थालेको बताइन्छ । वैशाख ५ गतेसम्म मनाइने टोखाको बिस्का जात्रामा हाँडीगाउँको टंगालमा जस्तै गहना खोज्ने जात्रा मनाइन्छ । वैशाख २ गते मसानकाली कन्या बालिकाहरूलाई मलजा खुवाइन्छ भने ३ गते सिन्हयाका नाउँमा देवीदेवताको खटजात्रा र ४ गते मुख्य जात्रा इष्टमित्रलाई भोज र ५ गते थनेमा लिंगो ढालिन्छ ।

# 'प्राकृतिक स्रोत साधनका दृष्टिले नेपाल कोरियाभन्दा अथाह सम्भावना भएको मुलुक हो'



**डा. ली नाम की**
**दक्षिण कोरियाका पूर्वमन्त्री**

*सन् १९६० को दशकतिर हालको दक्षिण कोरिया विश्वका सबैभन्दा गरिब राष्ट्रमध्ये एक थियो । नेपालसँग त्यतिबेला समान आयस्तर भएको दक्षिण कोरियाले साढे पाँच दशकमै यति धेरै आर्थिक विकासको फड्को मार्दै एसिया र विश्वकै ठूलो अर्थतन्त्र हुने राष्ट्र भएको छ । नेपालीको प्रतिव्यक्ति आयभन्दा कोरियाली जनताको आय कयौं गुणा बढी छ । आर्थिक विकासमा फड्को मार्नुको मुख्य कारण राजनीतिक नेतृत्वको दूरदर्शिता, कामप्रति जनताको निष्ठा र राष्ट्रिय भाव नै भएको दक्षिण कोरियाका पूर्वमन्त्री डा. ली नाम की बताउँछन् । कोरियाली सरकारका आर्थिक योजना विभागलगायत विभिन्न निकायमा झण्डै चार दशक कार्य गरेका पूर्वमन्त्री लीले देशको विकास हुन त्यहाँको बलियो र दूरदर्शी नेताको मुख्य भूमिका हुने र कोरिया पनि त्यही कारण आज विश्वको विकसित राष्ट्र बन्न सकेको बताए । नेपाल सरकारले लगानीमैत्री वातावरण तयार गरेमा कोरियाको लगानी नेपाल भित्र्याउन सकिने डा. लीको भनाइ छ । हाल कोरिया-एसिया इकोनमिक को-अपरेसन एसोसिएसनका अध्यक्षसमेत रहेका ली आफ्नो देशले पनि पहिले वैदेशिक सहायता, प्रविधि र लगानी ल्याएर विकास गरेको स्मरण गर्छन् । नेपालको विकासका लागि पूर्वाधार, यातायात र विद्युतीकरणलाई प्राथमिक्ता दिनुपर्ने बताउँदै उनी सीमित स्रोतलाई परियोजना लक्षित लगानीमा जोड दिनुपर्ने बताउँछन् । प्रस्तुत छ, गैरअवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को समन्वयमा साताव्यापी नेपाल भ्रमणमा आएका पूर्वमन्त्री लीसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानीः*

**छोटो अवधिमै कोरिया समृद्ध हुनुको रहस्य के होला ?**

उत्तर र दक्षिण कोरियाबीच सन् १९५० देखि १९५३ सम्म लगातार तीन वर्षसम्म चलेको युद्धबाट धेरै स्रोत साधन नष्ट भए भने धेरैको ज्यान गयो । ३५ वर्षसम्म जापानको उपनिवेशमा रहँदा जापानी सेनाको चरम दमन र शोषण सहनुपरेको थियो । १९४५ मा जापानबाट स्वतन्त्र हुँदा छाएको खुसी १९४८ मा उत्तर र दक्षिण कोरिया विभाजनसँगै फेरि हाम्रा दुःखका दिन सुरु भएका थिए । युद्धपश्चात् व्याप्त गरिबी, अभाव र भोकमरीबाट हाम्रा पुर्खाले नराम्ररी दुःख भोग्नुपरेको थियो । त्यतिबेला अमेरिकाले दिएको मकैको पीठोलाई पानीमा उमालेर खाई भोक टार्नुपरेको थियो । सन् १९५५ ताका नेपालले कोरियालाई खाद्यान्नलगायत सहयोग गरेको सम्झन चाहन्छु ।

यस्तो अवस्थाबाट कोरियालाई आजको अवस्थामा लैजान तत्कालीन राष्ट्रपति पार्क जङ हीको ठूलो योगदान छ । जनतालाई जसरी पनि भोको राख्ने छैन भन्ने उहाँको अठोट थियो । स्वतन्त्र र स्वाभिमानपूर्वक बाँच्नका लागि आर्थिक अवस्थामा सुधार ल्याउनुपर्छ भन्ने उहाँको दूरदर्शी नेतृत्व क्षमता र दृढ इच्छाशक्तिले नै कोरियालाई आधुनिक र विकसित राष्ट्रतिर डोऱ्याउन सफल भयो । देश विकासका लागि राजनीतिक स्थिरता, कुशल र दूरदर्शी राजनीतिक नेतृत्व चाहिन्छ भन्ने कुरा कोरियाले आज पुष्टि गरेको छ । त्यतिबेला उहाँले योजना विभाग बनाएर देशको आवश्यक्ताअनुसारको योजना तर्जुमा, बजेट व्यवस्था र प्रभावकारी कार्यान्वयनका लागि अनुगमन प्रणालीमा जोड दिनुभयो । मैले त्यही आयोगमा रहेर काम गर्ने अवसर पाएँ ।

त्यतिबेला हामीहरू चौबिसै घण्टा अफिसमा बसेर विभिन्न योजना बनाउने काम गर्थ्यौं । देश विकास गर्न निर्यातमा जोड दिनुपर्छ भन्ने उहाँको सोच थियो । यसका लागि सडक सञ्जाल विस्तार गर्नुपर्थ्यो । उहाँकै निर्देशनमा पुसानदेखि सोलसम्मको झण्डै ४०० किलोमिटरको सडक डेढ वर्षमा तयार भयो । त्यतिबेला त्यो सडक निर्माण गर्न करिब चार हजार लाख डलर चाहिन्थ्यो तर राज्यसँग थिएन । उहाँले २० हजार नर्सलाई जर्मनमा काम गर्न पठाएर ऋण ल्याई सडक बनाइएको थियो । यसपछि सरकारी र निजी कम्पनीले निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न थाले ।

राष्ट्रपतिले हरेक महिना बैठक राखेर निर्देशन दिनुहुन्थ्यो । निर्यात गर्ने उद्योगलाई सस्तो ब्याज, कर छुट र विभिन्न सहुलियत दिइएकाले धेरै कम्पनी स्थापना भए । १९७० को दशकमा टेक्सटाइल्सजस्ता साना उद्योगबाट सुरु भएको कोरियाको व्यापार व्यवसाय असीको दशकमा आउँदा फलाम स्टिल, अटोमोबाइल, मेसिनरी सामान र सेमी कन्डक्टर्सका सामानहरूको उत्पादन गरी निर्यात गर्नेसम्म पुगिसकेको थियो भने नब्बेको दशकमा स्टिल, अटोमोबाइल मेसिनरी सामान, सेमी कन्डक्टर्सका सामानहरूका साथै पानीजहाज, इलेक्ट्रोनिक्स, सूचना प्रविधिसम्बन्धी सामग्री निर्यात गर्न थालेको छ । राष्ट्रपति पार्क जङ हीपछिका राष्ट्रपति र सरकारहरूले पनि उहाँका नीति तथा कार्यक्रमहरूलाई निरन्तरता दिँदै आएका छन् । कृषिप्रधान देशबाट औद्योगिक राष्ट्र बन्न पुग्यो । यसरी कोरियाले छोटो अवधिमै आफूलाई माथि उठाउन सम्भव भएको हो । राष्ट्रप्रति संवेदनशील एउटा कुशल र दूरदर्शी नेतृत्वले कसरी देशको भविष्य बदल्न सक्छ भन्ने कुराको ज्वलन्त उदाहरण कोरियाले दिन सकेको छ ।

**कोरियाको अनुभवका आधारमा नेपालमा आर्थिक विकासको सम्भावना कतिको देख्नुहुन्छ ?**

प्राकृतिक स्रोत साधनका दृष्टिले नेपाल कोरियाभन्दा पनि अथाह सम्भावना भएको मुलुक हो । तर, त्यसको उपयोग हुन नसक्दा एकातिर स्रोत साधन खेर जाने र अर्कोतिर तिनैबाट बनेका सामग्रीहरू अन्यत्रबाट आयात गर्नुपर्ने हुँदा दोहोरो नोक्सानी भएको छ । विकासका लागि पूर्वाधार, यातायात र विद्युतीकरणलाई प्राथमिक्ता दिनुपर्ने देखिन्छ । यसका लागि सरकारले बाह्य लगानी भित्र्याउन नीतिगत व्यवस्था गर्नाका साथै निजी क्षेत्रलाई सहजीकरण गर्नु जरुरी हुन्छ ।

**नेपालमा कोरियाली लगानी भित्र्याउन सकिने सम्भावना कस्तो रहेको छ ?**

नेपाल कोरियाको एक असल र पुरानो मित्रराष्ट्र हो । नेपालले कोरियाका जनता भोकभोकै भएको बेला खाद्यान्न पठाएर ठूलो गुन लगाएको छ । नेपालले पनि कोरियाको प्रविधि र लगानी भित्र्याएर विकासमा फड्को मार्न सक्नेछ । हरेक हिसाबले सम्भावना भएको नेपालले विकासमा छलाङ लगाउन सक्नेछ । तर, यसका लागि उपयुक्त लगानीमैत्री वातावरणको सुनिश्चित हुनुपऱ्यो । नेपाल विगतमा कमजोर नभए पनि पछिल्ला केही दशकमा राजनीतिक अस्थिरताले गर्दा आर्थिक र विकासमा पछि परेको हो भन्ने मलाई लागेको छ । बजेटलाई सानासाना योजनामा छर्नु हुँदैन । मुख्य प्राथमिक्ताको योजनामा एकमुष्ट लगानी गरी जतिसक्दो छिटो त्यसलाई सम्पन्न गरेपछि त्यसबाट देशले प्रतिफल पाउँछ । कोरियाले पनि यही नीतिअनुसार निर्यातजन्य उद्योगधन्दाहरूमा लगानी गऱ्यो । निजी कम्पनीहरूलाई राज्यले नै ग्यारेण्टी बसेर पनि विदेशमा काम गर्न पठायो ।

अर्को कुरा विकासका लागि राजनीतिक स्थिरता जरुरत पर्छ । छिटोछिटो राजनीतिक परिवर्तन हुँदा नीतिगत अस्पष्टता रहन्छ र विदेशी लगानी भित्र्याउन गाह्रो हुन्छ । राज्यले योजनामा प्राथमिकीकरण गर्न जान्नुपर्छ । सबै उद्योगलाई राज्यले सेवासुविधा दिन सक्दैन । आयातलाई प्रतिस्थापन गर्ने र निर्यातजन्य उद्योगलाई प्राथमिक्ता दिनुपर्छ । कोरियाले जस्तै नेपालले पनि समयसापेक्ष कृषिमा आधुनिकीकरण गर्नु जरुरी छ । कृषिमा व्यापक आधुनिकीकरण गरिएकै कारण अहिले कोरिया २.३ प्रतिशत कृषककै उत्पादनले खाद्यान्नमा आत्मनिर्भर बनेको छ ।

**नेपाल भ्रमणमा रहादा राष्ट्रिय योजना आयोग, लगानी बोर्ड तथा विभिन्न बैंकका प्रमुखहरूसाग भेटवार्ता गर्नुभयो । उहाहरूसागको कुराकानीबाट तपाइ नेपालमा लगानी गर्ने सम्भावना कस्तो देख्नुभयो त ?**

यसपटकको साताव्यापी नेपाल भ्रमणका क्रममा अर्थमन्त्री, लगानी बोर्डका पदाधिकारीलगायत उच्च सरकारी अधिकारीहरूसँग लगानीका सम्भावनाका बारेमा भेटवार्ता गर्ने अवसर मिल्यो । सो अवसरमा नेपालका लागि कुन-कुन क्षेत्रमा के-कस्तो सहयोग चाहिएको छ, त्यसका लागि अनुमति दिनुहोस् हामीले विश्वको लगानी र प्रविधिको समन्वय गरेर विकास गर्छौं भनेर भनेको छु । नेपालमा कोरियन प्रविधि र विश्वभर विकसित राष्ट्रले अवलम्बन गरेका विकासको नमूनालाई नेपालमा पनि भित्र्याएर छिट्टै विकास गर्न सकिने सम्भावना रहेको छ । नेपाललाई मोनोरेल, साना किसिमका सहरी रेलका माध्यमबाट पर्यटन र जल तथा नवीकरणीय ऊर्जाका क्षेत्रमा लगानी गर्न सकिन्छ । लगानीको पूर्ण सुरक्षाको पूर्ण सुनिश्चितता भएमा न्यूनतम् २० अर्बदेखि माथिको लगानी ल्याउन सकिन्छ ।



**नेपाली सेना पैदलयात्रा** | गोरखाबाट जितगढी (बुटवल) सम्म निस्केको नेपाली सेनाको टोली । गोरखाबाट गत चैत २९ गते पैदलयात्रामा निस्केको सेनाको टोली तनहुँ, स्याङ्जा हुँदै शनिबार पाल्पाको रामपुर भित्रिएको छ । रामपुर नगरपालिकाको आयोजनामा टोलीलाई स्वागत गरिएको छ ।
*तस्बिरः सुशीला रेग्मी/रासस*

# विद्यालयका तह समायोजन गर्दै स्थानीय तह

**बैतडी (प्रस)–** बैतडीका स्थानीय तहरूले विद्यालय तह समायोजन गरिरहेका छन् । यहाँको पाटन नगरपालिकाले भौगोलिकरूपमा टाढा भएका र विद्यार्थी संख्याका आधारमा तह समायोजन गरिरहेको छ ।

नगरपालिकाका शिक्षा शाखा प्रमुख ललित पाण्डेयका अनुसार नगरका ११ विद्यालयका तह समायोजन गर्ने कार्य भइरहेको छ । वडा नं १ को गरालेकस्थित दुर्गाबताल आधारभूत विद्यालय अब कक्षा ३ सम्म कायम रहनेछ । यसअघि उक्त विद्यालयमा कक्षा ५ सम्म अध्ययन-अध्यापन हुँदै आएको थियो । वडा नं १ कै भुवनेश्वरी आधारभूत विद्यालय लदौली पनि कक्षा ३ सम्म कायम रहनेछ । यसअघि यहाँ कक्षा ५ सम्म पढाइ हुँदै आएको थियो ।

वडा नं २ को भूमिराज आधारभूत विद्यालय टोटीपोखरी कक्षा ३ सम्म कायम रहने भएको छ । यसअघि उक्त विद्यालयमा कक्षा ५ सम्म पढाइ हुँदै आएको थियो । यस्तै वडा नं ३ को सुकाबैना आधारभूत विद्यालय सुकाबैनालाई कक्षा ३ सम्म कायम गरिएको छ । यसअघि उक्त विद्यालयमा कक्षा ५ सम्म पढाइ हुँदै आएको थियो । वडा नं १० मा रहेको सिद्धसिगास आधारभूत विद्यालय पनाली पनि शिशु कायम रहने प्रमुख पाण्डेयले बताए । उक्त विद्यालयमा कक्षा ३ सम्म पढाइ हुने गरेको थियो ।

वडा नं ३ मा रहेको सरस्वती आधारभूत विद्यालय कल्तडीलाई पनि कक्षा ३ सम्म कायम राखिने भएको छ । यसअघि उक्त विद्यालयमा कक्षा ५ सम्म पढाइ हुँदै आएको थियो । वडा नं ५ को उदयदेव आधारभूत विद्यालय धञ्चुली कक्षा ५ सम्म कायम रहने भएको छ । यसअघि उक्त विद्यालयमा कक्षा ८ सम्म पढाइ हुँदै आएको थियो । वडा नं ६ को डाँडाबाग आधारभूत विद्यालय हिरापुरलाई कक्षा ५ सम्म कायम राखिने भएको छ । यसअघि उक्त विद्यालयमा कक्षा ८ सम्म पढाइ हुँदै आएको पाण्डेयले जानकारी दिए ।

कक्षा ३ सम्म सञ्चालनमा रहेको वडा नं ४ को नागार्जुन सैपाल आधारभूत विद्यालय खोल्सी शिशु कायम रहने भएको छ । यसअघि उक्त विद्यालयमा कक्षा ३ सम्मका पढाइ हुने गरेकामा ११ जनामात्रै विद्यार्थी थिए । वडा नं १ को ज्ञानज्योति आधारभूत विद्यालय गणेशपुर पनि शिशु कायम रहने भएको छ । वडा नं ७ को दानखोलामा रहेको चतुरभुज आधारभूत विद्यालय कक्षा ३ सम्म कायम रहने छ । यसअघि कक्षा ५ सम्म अध्ययन-अध्यापन हुँदै आएको थियो ।

नगरपालिकाले यसअघि कक्षा १ देखि ३ सम्मका विद्यालयमा कम्तीमा ३०, कक्षा १ देखि ५ सम्म पढाइ हुने विद्यालयमा कम्तीमा ६५, कक्षा १ देखि ८ सम्मको विद्यालयमा कम्तीमा ११०, कक्षा १ देखि १० सम्म पढाइ हुने विद्यालयमा कम्तीमा १७० र कक्षा १ देखि १२ सम्म पढाइ हुने विद्यालयमा कम्तीमा ११० जना विद्यार्थी हुनुपर्ने मापदण्ड थियो । सो मापदण्डमा टेकेर विद्यार्थी संख्या नभएका विद्यालयको तह समायोजन कार्य भएको हो ।

तह समायोजनसँगै शिक्षक समायोजनबारे पनि छलफल भइरहेको नगरप्रमुख गौरीसिंह रावलले जानकारी दिए । शिशु कायम रहेका विद्यालयमा माथिल्लो तहका सबै शिक्षकको सरुवा गरिने छन् । नगर शिक्षा समितिको निर्णयलाई कार्यपालिकाको बैठकबाट निर्णय गरी कार्यान्वयनको चरणमा लैजाने नगरपालिकाले जनाएको छ ।

# दानदाताको सहयोगले चल्छन् संस्कृत गुरुकुल



■ **मिला दरै**

**डुम्रे–** राष्ट्रियता, मानवता र विश्वबन्धुत्वको विकासका लागि सनातन धर्म, संस्कार र आर्य संस्कृतिको संरक्षण, संवर्द्धन तथा संस्कृत शिक्षाको आवश्यक्तालाई मध्यनजर गरी संस्कृत ज्ञानविज्ञानको प्रचारप्रसार गर्ने उद्देश्यले तनहुँको देवघाटधाममा गुरुकुल सञ्चालित छन् ।

वटुकलाई सनातन धर्म, संस्कार र संस्कृतिका बारेमा ज्ञान दिने उद्देश्यले यहाँ सातवटा गुरुकुल सञ्चालित छन् । यहाँका सबै गुरुकुल दाताको सहयोग र मुट्ठीदानको भरमा छन् । देवघाटधाममा नानीका लागि तीन र बाबुका लागि चार गुरुकुल छन् । यहाँ तनहुँ, चितवन र नवलपुरका बटुक अध्ययनरत छन् ।

तनहुँमा वटुकका लागि महेश सन्यास आश्रमद्वारा सञ्चालित महेश संस्कृत गुरुकुल, गलेश्वर आश्रमले सञ्चालन गरेको वेदवेदांग संस्कृत गुरुकुल, हरिहर आश्रमले सञ्चालन गरेको परमानन्द संस्कृत गुरुकुल र माताजीले सञ्चालन गरेको माँ कल्याणी गुरुकुल छन् ।

गुरुकुलमा करिब ७०० वटुक अध्ययनरत रहेको महेश सन्यास आश्रमका व्यवस्थापक सन्तोष गिरीले जानकारी दिए । उनका अनुसार प्रत्येक गुरुकुलमा करिब २२५ देखि ७५ सम्म वटुक अध्ययनरत छन् । 'नानीका लागि सञ्चालित गुरुकुलमा करिब ५० बटुक छन्, नानीहरूको गुरुकुलमा कक्षा ८ सम्म अध्ययन हुन्छ, कक्षा वृद्धि गर्दै लैजाने गरी सञ्चालन गरिएको हो,' उनले भने । महेश गुरुकुलमा शास्त्री र आचार्य (स्नातक र स्नातकोत्तर), परमानन्द गुरुकुलमा शास्त्रीसम्म अध्यापन भइरहेकामा आचार्यसम्मको पठनपाठन सुरुआत गर्ने तयारी भइरहेको गरेको उनले बताए ।

वेदवेदांगमा यसअघि कक्षा १० सम्म अध्ययन हुने गरेकामा अहिले शास्त्रीसम्मको अध्यापन सुरु गरिएको छ । राष्ट्रिय परीक्षा बोर्डबाट सम्बन्धन प्राप्त गरी परीक्षामा सहभागी गराउँदै आएको व्यवस्थापक गिरीले बताए । शास्त्री तथा आचार्यका लागि नेपाल संस्कृत विश्वविद्यालय दाङबाट सम्बन्धन प्राप्त गरी अध्यापन भइरहेको उनको भनाइ थियो ।

'सबै गुरुकुल एउटै प्रकृतिका छन्, आवासीयसहित वटुकलाई अध्ययनको व्यवस्थापन गरिएको छ,' व्यवस्थापक गिरीले भने, 'आर्थिक व्यवस्थापन गर्न समस्या छ, दानदाताको भरमा यहाँका आश्रम तथा गुरुकुल सञ्चालित छन् ।' उनका अनुसार यहाँका सबै गुरुकुल मुट्ठीदानको भरमा सञ्चालित छन् ।

गुरुकुल नियमित सञ्चालन र भौतिक विकास गरी दुई पाटोमा विभाजन गरी व्यवस्थापन गरिएको छ । नियमित सञ्चालनतर्फ गुरु र कर्मचारीलाई तलब, वटुकलाई खान र शिक्षाका लागि खर्च छुट्ट्याइन्छ ।

'दातालाई फरक तवरबाट व्यवस्थित गरिएको छ, अन्नदाता, शिक्षाका लागि दान गर्न चाहने व्यक्तिलाई एक वर्षमा एक जना वटुकका निम्ति सहयोग गर्न अपिल गर्ने तथा अन्य सहयोग संकलन गर्ने अभियानमार्फत गुरुकुल सञ्चालन गरेका छौं,' गिरीले भने । विभिन्न स्थानमा गएर गुरुकुलको प्रचार-प्रसार गरी अन्नदाता र शैक्षिकदाता संकलन गर्ने अभियान सञ्चालन गर्दै आएको उनको भनाइ थियो ।

शैक्षिकदातासँग वार्षिकरूपमा प्रतिवटुकलाई लाग्ने १२ हजार रूपैयाँ वार्षिक तिथि, जन्मदिनको अवसरलगायतमा सहयोग गर्न आग्रह गर्ने गरिएको उनले बताए । विश्वविद्यालयबाट महेश संस्कृत गुरुकुलका लागि तीन जना गुरु प्राध्यापनमा आएका व्यवस्थापक गिरीले जानकारी दिए ।

भौतिक विकासका लागि भूमिदान महाअभियान सञ्चालन गरिएको छ । दानदातासँग सहयोगको अपिल गरेर नै भौतिक विकासअगाडि बढिरहेको गुरुकुलले जनाएको छ । दानदाताको भरमा गुरुकुल सञ्चालन भइरहेको वेदवेदांग संस्कृत गुरुकुलका प्राचार्य नन्दप्रसादले बताए । त्रिवेणीधामको रूपमा रहेकाले यहाँ सञ्चालित गुरुकुललाई सहयोग प्राप्त हुने गरेको उनको भनाइ थियो । देवघाटधाममा आउने भक्तजनलेसंस्कृत गुरुकुललाई बढी सहयोग गर्ने नन्दप्रसादको भनाइ थियो ।

महेश संस्कृत गुरुकुलमा कक्षा ९ मा अध्ययनरत वटुक समीर न्यौपाने नुवाकोटबाट संस्कृत विद्या हासिल गरी हिन्दू धर्म, संस्कार र संस्कृतिलाई जीवन्त राख्न प्रेरित भएको बताउँछन् । 'विद्यालयमा अध्ययनकै क्रममा काठमाडौं भ्रमण जाँदा गुरुकुलमा पुगेपछि संस्कृत अध्ययनतर्फ आकर्षित भएको हुँ, परिवारबाट पनि संस्कृत अध्ययन गर्न प्रेरित गरिरहनुभएको थियो, यहाँ आएपछि थप आकर्षित भएँ र अध्ययनका लागि आएको हुँ,' न्यौपानेले भने ।

बर्दियाबाट आएर महेश संस्कृत गुरुकुलमा कक्षा १२ मा अध्ययनरत वटुक प्रभात रिजालले संस्कृत भन्नेबित्तिकै अपनत्व लागेर अध्ययन गरिरहेको बताए । 'संस्कृत विषय आफ्नो विषय जस्तो लाग्छ, संस्कृतले धर्म, संस्कार र संस्कृतिसँग जोडेको पाएँ, अध्ययनकै क्रममा संस्कृत विषय अझ बृहत् रहेछ भनेर बुझेँ, अनुसन्धानात्मक रूपमा अध्ययनरत छु,' उनले भने ।

महेश संस्कृत गुरुकुलका प्रधानाचार्य फणिन्द्रप्रसाद पौडेलले भने, 'न्याय हराए गोर्खा जानु, विद्या हराए कासी जानु भन्ने गर्दथ्यौं, अहिले त्यो कथन फेरिएको छ, विद्या हराए देवघाट जानु भन्ने प्रचलन बढेको छ ।' अहिले वार्षिक एक जना वटुक भारतबाट संस्कृत अध्ययनका लागि यहाँ आउने गरेका उनले बताए । 'विद्या चाहिए देवघाट आउनु भन्ने गरेका छौं, कासी, बनारस, भारतका विभिन्न विश्वविद्यालयका प्राध्यापकका बालबालिका यहाँ संस्कृत अध्ययनका लागि आउने गरेका छन्,' उनको भनाइ थियो । देवघाटधाममा सञ्चालित गुरुकुल पवित्रस्थलमा रहेकाले पनि यहाँको गुरुकुलमा भारतबाट वटुक संस्कृत शिक्षा लिन आउने गरेका हुन् ।

महेश संस्कृत गुरुकुलबाट विद्यावारिधि गरेका प्रचार्य नेपालका त्रिविवि, शिक्षण पेसामा आबद्ध छन् भने भारतलगायत विभिन्न देशमा संस्कृत तथा नेपाल भाषा अध्यापनमा सम्बद्ध रहेका गुरुकुलले जनाएको छ ।

गुरुकुललाई मुलधारको शिक्षा होइन कि भन्ने वटुकमा नकारात्मक सन्देश प्रवाह नहोस् भनेर महेश संस्कृत गुरुकुलले कक्षागतरूपमा अध्यापन गरिरहेको व्यवस्थापक गिरीले बताए । 'धार्मिक शिक्षाका लागि प्रदेश सरकारबाट हुने सहयोग भने लिइरहेका छौं,' उनले भने ।

संस्कृत शिक्षालाई परिस्कृत र संरक्षण गरिरहनका लागि सरकारले रुचि राख्नेमा वटुकलाई सहज हुने गरी अध्ययनको व्यवस्थापन गर्न सकिने गुरुकुलको भनाइ छ । संस्कृत विषयको छुट्टै नभई मूलधारकै विषय भएको महसुस गराउन आवश्यक रहेको प्रधानाचार्य पौडेलले बताए । आधुनिक शिक्षासँगै संस्कृत शिक्षामा रुचि राख्ने बालबालिकालाई अध्ययनका लागि सरकारबाटै उचित व्यवस्थापन भए गुरुकुलमा बसेर अध्ययन गर्नुपर्ने अवस्थाको अन्त्य हुने उनको भनाइ थियो । *रासस*


**Sanibheri Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Simli, Rukum (West)**
**Karnali Province, Nepal**

**Invitation for Electronic Bids**

**Invitation for Bids**

**First Published Date: 2080-01-03 B.S. (16 April 2023 AD)**

1. Sanibheri Rural Municipality invites electronic bids from eligible bidders for the procurement of following works under National Competition Bidding (NCB) Procedure.

| Contract Identification No. | Description | Estimated Amount (Without VAT and Contingencies) NRs. | Bidding Document Cost, NRs. | Bid Security, NRs |
|---|---|---|---|---|
| 02/WORKS/NCB/SRM/2079/080 | Construction of Tusare Adhiyachaur Garayala Khanepani Yojana, Sanibheri 3 Rukum (West) | 42,91,059.72 | 3,000.00 | 1,25,000.00 |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Sanibheri Rural Municipality or may visit e-GP system www.bolpatra.gov.np/egp
3. Electronic Bidding Document is available online and can be downloded on or before 12:00 PM on 31st day from the date of publication. Documents received after this deadline shall not be accepted on 31st day from the date of publication.
4. The Bidder shall be required to deposit the non-refundable fee of NRs. 3,000.00 in the Internal Revenue Account as specified below and electronic scanned copy (pdf format) of the Bank deposit voucher shall also be submitted along with the electronic bid files.

**Information to deposit the cost of Bidding Document in Bank :**
**Name of Bank** : Sunrise Bank, Sanibheri Branch, Rukum (West)
**Name of office** : Sanibheri Rural Municipality Rukum (West)
**Rajaswa (Internal Revenue) Account No:** 0770530787703009

5. Bidder Shall submit the electronic bid through website https://www.bolpatra.gov.np/egp on or before 12:00 PM on or before 31st day from the date of publication as specified in the Instructions to Bidders. Bids received by the above-mentioned deadline shall be opened electronically in the presence of Bidders' representatives who choose to attend at the address above at 01:00 PM on 31st day from the date of publication.
6. In the case of discrepancies or error in bid documents, bid notice or any other documents, Sanibheri Rural Municipality reserves the right to amend and correct at any time. The figure for the bid amount must be clear. If any discrepancy may occur, then the figure written in word is valid.
7. Bids must be valid for a period of 120 days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated above deposited at (Dharauti Account No. 0770530787703004) on behalf of Sanibheri Rural Municipality, Rukum (West) at Sunrise Bank Limited, Sanibheri Branch, Rukum (West) or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity period.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
9. Bids should comply in all respects with the Instruction to Bidder included in the Bid Document. Non compliance with this instruction shall result in disqualification.
10. Sanibheri rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
11. All other conditions of the bidding process will be as per the Public Procurement Act 2063 and Public Procurement Regulation 2064.

**Chief Administrative Officer**
**Sanibheri Rural Municipality**

# प्रभाव दैनिक





## 'विच्छेद' मंसिर ८ मा हलमा आउने

सत्यराज चौलागाईं निर्देशित चलचित्र 'विच्छेद'को प्रदर्शन मिति तोकिएको छ । चौलागाईंको दोस्रो चलचित्रको रूपमा रहेको विच्छेद कोरोना कारण ढिला प्रदर्शन हुन लागेको उनले जनाए । उनले आगामी मंसिर ८ गते प्रदर्शन मिति तोकिएको पनि जनाए । उनले भने, 'हामीले विगत ३ वर्ष अगाडी चलचित्र 'बिच्छेद'को छायांकन सुरू गरेका थियौं । चलचित्र फ्लोरमै रहँदा विश्वव्यापी महामारी कोराना भाईरसको चपेटामा पुरै विश्व पर्यो र सरकारद्वारा लगाइएको लकडाउनमा हाम्रो टिम च्यापियो ।' उनले अहिले चलचित्रको पोस्ट प्रोडक्सनको लगभग सम्पूर्ण काम सकेर प्रदर्शनको तयारीमा रहेको बताए । उनले विच्छेदलाई पनि यसअघिको चलचित्रमा जस्तै सहयोग र हौसलाको अपेक्षा गरेको बताए ।





आइतबार, ०३ वैशाख २०८० (Sunday, April 16, 2023)


# फर्स्टलुकमा कस्तो देखियो 'बाटो'

■ प्रभाव संवाददाता

**काठमाडौं–** रोड थ्रिलर फिल्म 'बाटो' को फष्टलुक सार्वजनिक गरिएको छ । निर्माण युनिटले नयाँ बर्षको अवसर पारेर फिल्मको एक पोष्टर फष्टलुकको रूपमा बाहिर ल्याएको हो । फष्टलुकको मोसन फोष्टर समेत तयार गरिएको छ । फिल्मकी एक महिला पात्रलाई केन्द्रमा राखेर तयार गरिएको पोष्टरले फिल्म प्रति दर्शकको उत्सुक्ता जगाउन सफल छ । कमर्सियल साउथ स्टाइलिस फिल्मको झल्को दिने यो फिल्म काठमाडौं फिल्मस् प्रालीको ब्यानरमा निर्माण भएको हो ।




फिल्मका लेखक तथा निर्देशक मदन थापा र छायाँकार शरण ऋषि हुन् । निर्देशक थापा तथा छायांकार ऋषि भारतको चेन्नइ फिल्म उद्योगमा चर्चित ब्यक्तित्व हुन् । फिल्ममा मिथिला शर्मा, रक्षा थापा, सुलक्षण भारती, उत्पल झा, विजय ताम्राकार लगायतको मुख्य भूमिका देख्न सकिन्छ । फिल्मका निर्माता चन्दन झा हुन् । निर्माता झाँ काठमाडौं फिल्मका फाउन्डर समेत हुन् ।

काठमाडौंका विभिन्न स्थानको अलवा उदयपुरको गाइघाटमा छायांकन भएको फिल्मको पोष्टप्रोडक्सन मुम्बईमा भइरहेको छ । निर्माण युनिटको फिल्म बिसं २०८० भित्रमा रिलिज गर्ने योजना बनाएको छ । नेपाली सहित हिन्दी, तेलूगु, मलयालम र अंग्रेजी गरेर पाँच भाषामा फिल्म तयार हुने निर्माता चन्दन झाले बताए ।

फिल्मको ट्रेलर छिट्टै ल्याउने तयारी निर्माण युनिटको छ । फिल्मको ट्रेलर नेपाली, हिन्दी र तमिल गरेर तीन भाषामा आउनेछ । फिल्म डब्बी एटमस साउन्डमा तयार हुनेछ । नेपालमा पहिलो पटक डब्बी एटमस साउन्ड सिष्टममा फिल्म तयार हुन लागेको हो ।

# निर्देशक खरेललाई 'जनसेवाश्री'

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र निर्देशक माधवराज खरेल जनसेवाश्री सम्मानबाट विभूषित भएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रका लागि उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तित्वहरूलाई विभिन्न विभूषणद्वारा सम्मान गर्ने क्रममा खरेललाई शुक्रबार जनसेवाश्रीबाट विभूषित गरेका हुन् ।



विभूषणबाट आफूलाई राज्यले सम्मान गरेको महसुस गर्दै सकारात्मक काम गर्दा केही ढिलो भए पनि कदर हुने रहेछ भन्ने आफूले थाहा पाएको खरेलले बताए ।

पत्रकारिता हुदै चलचित्र निर्देशनको क्षेत्रमा प्रवेश गरेका खरेल विभिन्न सडक नाटकहरूमा सहभागी हुने गर्दथे र परिवर्तन नेपालका सडक नाटकहरू खेल्दा खेल्दै उनले सडक नाटक लेखन तथा निर्देशनमा समेत आफुलाई अब्बल बनाएका थिए । त्यसपछि टेलिचलचित्रहरू लेखन र निर्देशन हुँदै चलचित्र लेखन तथा निर्देशन सम्म आईपुगेको थियो । पहिलो पटक मौन चलचित्रको सफल लेखन तथा निर्देशन गरेका खलेलले त्यसपछि आधा दर्जन चलचित्रहरूको निर्देशन तथा लेखन गरिसकेका छन् ।

चलचित्र निर्देशक खरेलले नेपालमै पहिलो पटक 'ढुङ्गे युग' मौन चलचित्र निर्देशन गरेर पहिलो मौन चलचित्रको निर्देशकको रूपमा आफुलाई स्थापित गराएका थिए । खरेलले ढुङ्गे युग, कुइईनेटो, विरानो माया, दुर्गामाण्डौ, चिट्ठी लगायतका चलचित्रहरूको निर्देशन गरिसकेका छन् । खरेलको प्रदर्शनको तयारीमा रहेका पछिल्लो चलचित्र 'चिट्ठी' हो । चलचित्र निर्देशनका अलावा खरेलले उपन्यास, गीति लेखन, डकुमेन्ट्री लेखन तथा निर्देशन, म्यूजिक भिडियोहरू, विज्ञापनहरूको निर्माण तथा निर्देशन समेत गर्दै आईरहेका छन् ।

# 'गाएर पनि बाँच्न सकिन्छ भन्ने भएको छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** लोकदोहोरी क्षेत्रमा प्रकाश पराजुली भाग्यमानी मानिन्छन् किनकि जब औपचारिक गायन प्रारम्भ गरे, तबदेखि नै उनका गीतहरू लोकप्रिय भएका छन् ।



लोकदोहोरी गायनमा २०७१ सालमा पाइला राखेका गायक प्रकाशका गीतहरू त्यतिबलै चर्चित बन्यो । 'मञ्जरी भागौंला सरर,' 'खै त हाँसेको' जस्ता गीतमात्र नभएर उनले गाएका अधिकांश गीत चर्चित छन् । स्याङ्जा वालिङका प्रकाश भन्छन्, 'अहिलेसम्म दुई सयभन्दा बढी गीत गाइसकेको छु । प्रायः मेरो गीतहरू दर्शक तथा श्रोताले रुचाएका छन् ।'

गायक प्रकाशको लोकदोहोरी क्षेत्रमा भाग्य चम्किएको भने २०७८ सालदेखि हो । २०७८ सालमा उनी लोकदोहोरी च्याम्पियन बनेका थिए । नेपाल टेलिभिजनद्वारा प्रशारित राष्ट्रव्यापी लोकदोहोरी च्याम्पियनमा विजेता भएसँगै लाईभ दोहोरीमा जमेका प्रकाश भन्छन्, 'अहिलेसम्म हजारभन्दा बढी लाईभ दोहोरी गरिसकेँ । एक समय त मलाई भ्याइनभ्याई नै थियो ।'

विशेषगरी प्रकाश स्टेज कार्यक्रम र लाईभ दोहोरीका लागि चर्चित छन् । नेपालका अधिकांश सहरमा आफ्नो गायन कला प्रस्तुत गरिसकेका उनी भन्छन्, 'मेरो मौलिक गीतको प्रस्तुतीले गर्दा स्टेज कार्यक्रमहरूमा डिमाण्ड आइरहेको हुन्छ ।' एक समय लोक र लोकदोहोरी गीत विकृतितर्फ ढल्किएको अवस्थामा समेत आफूले लोकदोहोरीको मर्मलाई नछाडेको उनी बताउँछन् । 'लोकगीत र दोहोरी गीतमा आफ्नोपन र मौलिक्ता हुनुपर्छ' गायक प्रकाश भन्छन्, 'यही मान्यताले गर्दा म अहिले यो क्षेत्रमा टिकिरहेको छु ।'

गाउँघरमा भजनर्किन र लोकदोहोरी प्रतियोगिताहरूमा सहभागी हुँदै गायकलाई करिअर बनाउने उद्देश्यसहित सहर छिरेको प्रकाशको भनाइ छ । 'म गायनमा शून्यदेखि आएको हुँ । यो क्षेत्रमा मेरो आफ्नो कोही थिएन' आफ्नो विगत सम्झिँदै उनले भने, 'त्यसैले सुरुका दिनहरूमा निकै दुःख पाएँ । तर, मिहिनेत र संघर्षबाट भागिन । त्यही कारण आज म यहाँ छु ।'

प्रकाशले केही समयअघि मात्र दुई वटा लोकदोहोरी गीत सार्वजनिक गरेका छन् । 'अरे साइँली' र 'मनले खाएको' बोलको ती गीत अहिले लोकदोहोरी बजारमा चर्चित छ । उनी भन्छन्, 'अहिले पाएको दर्शक र श्रोताको माया र हौसलाले गीत गाएर पनि बाँच्न सकिन्छ भन्ने महशुस भइरहेको छ ।'



# ओमानविरुद्ध नेपालको शानदार जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले अभ्यास खेलमा ओमानमाथि सानदार जित हात पारेको छ । एसीसी प्रिमियर कप अघि भएको अभ्यास खेलमा नेपालले ओमानलाई ५ विकेटले हराएको हो ।

ओमानले दिएको २ सय ४७ रनको लक्ष्य नेपालले ४४ दशमलब ४ ओभरमा ५ विकेट गुमाउँदै पूरा गऱ्यो । नेपालको जितमा अर्जुन साउद, रोहित पौडेल र दीपेन्द्रसिंह ऐरीले अर्धशतक प्रहार गरे । ओपनर साउदले ६७ तथा कप्तान रोहित पौडेलले ५८ रन बनाए । कप्तान रोहित रिटायर्ट हर्ट भएका थिए । दीपेन्द्रसिंह ऐरी ५९ रनमा आउट भए ।

कप्तान रोहितले ५८ रनमा रिटायर्ट हर्ट हुँदै कुशल मल्ललाई मौका दिएका थिए । तर, मल्लले ८ रन भन्दा जोड्न सकेनन् । नेपालका लागि ओपनरका रूपमा मैदान प्रवेश गरेका देव खनाल १० रनमा आउट भएका थिए । ओमानका लागि कप्तान जिशान मकसुदले २ विकेट लिए । त्यसअघि टियु मैदानमा टस हारेर पहिला ब्याटिङ गरेको ओमानले ५० ओभरमा ९ विकेट गुमाउँदै २ सय ४६ रन बनाएको थियो ।

ओमानका लागि शोएब खानले १ सय १० रनको अविजित शतकीय इनिङ खेलेपनि टोलीको हार टार्न सकेनन् । ओपनर जतिन्दरसिंह ४२ रनमा आउट भए । अर्का ओपनर कश्याप प्रजापति ३६ बलमा २ चौकासहित १६ रनमा आउट भए ।

मोहम्मद नदिमले २४ रन बनाए । नेपालका लागि किशोर महतोले ३ तथा प्रतिश जी.सी र सूर्य तामाङले समान २/२ विकेट लिए ।

एसीसी प्रिमियर कपमा नेपाल र ओमान एकै समूहमा छन् । एसीसी प्रिमियर कप आउने मंगलबारदेखि सुरु हुनेछ । समूह 'ए' मा नेपाल, ओमान, क्तार, मलेसिया र साउदी अरेविया छन् । समूह 'बी' मा युएई, हङकङ, कुवेत, सिंगापुर र बहराइन छन् । नेपालले मलेसियासँग खेल्दै प्रतियोगिताको सुरुआत गर्ने छ ।

१० टोली सहभागी प्रतियोगिताको उपाधि जित्ने टोलीले एसिया कपमा भारत र पाकिस्तानसँग खेल्न पाउनेछ ।

# राष्ट्रपति रनिङ शिल्डको उपाधि केपिलासगढीलाई

■ प्रभाव संवाददाता

**खोटाङ–** तेह्रौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताअन्तर्गत खोटाङमा सञ्चालित जिल्लास्तरीय छनोट प्रतियोगिताको उपाधि केपिलासगढी गाउँपालिकाले जितेको छ ।

यही वैशाख ११ गतेदेखि सुनसरीको इटहरीमा सञ्चालन हुने प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुने खेलाडी छनोटका लागि आयोजना गरिएको जिल्लास्तरीय रनिङ शिल्ड प्रतियोगितामा केपिलासगढी गाउँपालिकाले १६ स्वर्ण, ११ कास्य र १२ रजत पदकसहित प्रथम उपाधि उचालेको हो ।

जिल्लाका १० स्थानीय तहमध्ये सात स्थानीय तहका विद्यालयमा अध्ययनरत छात्रछात्रा सहभागी उक्त प्रतियोगितामा छ स्वर्ण, दुई रजत र १२ कास्य पदकसहित साकेला गाउँपालिका दोस्रो, चार स्वर्ण, चार रजत र १० कास्य पदकसहित दिप्रुङ चुइचुम्म गाउँपालिका तेस्रो भएका छन् । दुई स्वर्ण, दुई रजत र एक कास्य पदकसहित ऐसेलुखर्क गाउँपालिका चौथो तथा दुई स्वर्ण र दुई रजत पदकसहित हलेसी तुवाचुङ गाउँपालिका पाँचौं भएको जिल्ला खेलकुद विकास समिति खोटाङका प्रमुख लीलाभक्त केसीले जानकारी दिए ।

प्रतियोगितामा दिक्तेल रूपाकोट मझुवागढी र हलेसी तुवाचुङ नगरपालिका तथा केपिलासगढी, ऐसेलुखर्क, दिप्रुङ चुइचुम्मा, रावाबेँसी र साकेला गाउँपालिकाका खेलाडी सहभागी भएका थिए । गत चैत २८ गतेदेखि सञ्चालन भएको उक्त प्रतियोगितामा एथलेटिक्स, भलिबल, कबड्डी, सितोरियो कराते र तेक्वान्दो विधामा एक सय ३८ पदकका लागि खेलाडीबीच प्रतिस्पर्धा भएको थियो ।

दिक्तेलस्थित माटीकोरे खेलमैदानमा सञ्चालन भएको सो प्रतियोगिताअन्तर्गत एथलेटिक्सतर्फ २६ स्वर्ण, २६ रजत र २६ कास्य, कबड्डीतर्फ दुई स्वर्ण, दुई रजत र दुई कास्य, भलिबलतर्फ दुई स्वर्ण, दुई रजत र दुई कास्य, सितोरियो करातेतर्फ आठ स्वर्ण, आठ रजत र आठ कास्य तथा तेक्वान्दोतर्फ आठ स्वर्ण, आठ रजत, आठ कास्य पदकका लागि प्रतिस्पर्धा भएको थियो । प्रतियोगितामा स्वर्ण, रजत र कास्य पदक प्राप्त गर्ने स्थानीय तहले क्रमशः रु १५ हजार, रु १२ हजार र रु नौ हजार पुरस्कार प्राप्त गरेका छन् ।

प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा जिल्लाबाट एथलेटिक्समा २२, कबड्डी र भलिबलमा १८-१८ तथा कराते र तेक्वान्दोमा छ-छ छात्रछात्राले सहभागिता जनाउने जिल्ला खेलकुद विकास समितिका उपाध्यक्ष रेनुका राईले जानकारी दिए ।

**पोष्टबहादुर बोगटी स्मृति कप भलिबल**

# विभागीय डर्बीमा पुलिसलाई हराउँदै एपिएफ च्याम्पियन




■ प्रभाव संवाददाता

**काठमाडौं–** विभागीय टोली एपिएफ क्लबले प्रथम पोष्टबहादुर बोगटी स्मृति कप राष्ट्रिय पुरुष भलिबल प्रतियोगिताको उपाधि जितेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा शनिबार भएको फाइनलमा नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा हराउँदै एपिएफ च्याम्पियन बनेको हो ।


एपिएफले पुलिसमाथि २५-२०,१८-२५, २५-१६ र २५-२२ को सेटमा जित निकालेको हो । पोष्टबहादुर बोगटी स्मृति प्रतिष्ठानद्वारा आयोजित प्रतियोगिताको उपाधिसँगै एपिएफले ४ लाख नगद प्राप्त गरेको छ । उपविजेता पुलिसले २ लाखमा चित्त बुझाएको छ ।

प्रतियोगितामा विभागीय टोली त्रिभुवन आर्मी क्लब तेस्रो स्थानमा रह्यो । गण्डकी प्रदेशलाई ३-० को सेटमा हराएर आर्मीले तेस्रो स्थान हासिल गरेको हो । तेस्रो भएसँगै आर्मीले १ लाख र चौंथो भएको गण्डकीले ५० हजार प्राप्त गरेको छ । राखेपको विशेष सहयोग तथा नेपाल भलिबल संघको प्राविधिक सहयोगमा भएको प्रतियोगितामा एपिएफका टेकराज अवस्थी सर्वोत्कृष्ट खेलाडी घोषित भए । उनले १५ हजार नगद पुरस्कार प्राप्त गरे ।

अन्य विधागततर्फ स्पाइकरमा आर्मीका धनबहादुर भट्ट, लिब्रोमा एपिएफका विनोद चन्द, सेटरमा एपिएफका लोकेन्द्र गिरी, ब्लकरमा एपिएफका सुनिल घर्ती मगर, सर्भरमा प्रहरीका इम राना मगर तथा प्रशिक्षकमा एपिएफका महेशप्रसाद चौधरी उत्कृष्ट चुनिए । उत्कृष्ट सबैले जनही १० हजार नगद पुरस्कार जिते ।

विजेतालाई सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा, राखेपका सदस्य-सचिव टंकलाल घिसिङ, आयोजक प्रतिष्ठानका अध्यक्ष श्रीकृष्ण अधिकारी र महासचिव निर्मल आचार्यलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । चैत २८ गतेदेखि सुरु लिग कम नकआउट प्रतियोगितामा ५ टिम सहभागी थिए ।

# 'भुटानलाई डोक्लाममा अडान परिवर्तन गर्न सिसिपीको चर्को दबाब'




**थिम्पु–** नयाँदिल्लीस्थित विदेश नीति 'थिंक ट्याांक' रेड ल्यान्टर्न एनालिटिकाले भुटानलाई डोक्लाममा आफ्नो अडान परिवर्तन गर्न चिनियाँ कम्युनिस्ट पार्टी (सिसिपी)ले अधिक दबाब दिएको प्रतिवेदन सार्वजनिक गरेको छ ।

मैत्रीसन्धिलगायत सम्झौताअन्तर्गत आफ्नो परराष्ट्र नीतिमा भारतसँग समन्वय र सहकार्य गर्न राजी भएको भुटानलाई आफ्नो अडान परिवर्तन गर्न सिसिपीले चर्को दबाब दिइरहेको तथा भुटानका प्रधानमन्त्री लाटे छिरिङले विवादमा भारत, चीन र भुटानको समान सरोकार रहेकाले त्रिपक्षीय छलफल हुनुपर्नेमा जोड दिएको प्रतिवेदनमा उल्लेख छ । डोक्लाम भारत, चीन र भुटानबीचको विवादित क्षेत्र हो ।

सन् २०१७ मा सिपिसीको नेतृत्वमा चिनियाँ सेनाले डोक्लाममा अवस्थित सडकलाई दक्षिणतर्फ विस्तार गर्ने प्रयास गरेपछि भारत र चीनबीच विवाद बढेको हो । प्रतिवेदनअनुसार चीनले पूरै डोक्लाम क्षेत्रमाथि आफ्नो दाबी गर्दै आएको छ भने भारतले ऐतिहासिक सम्झौता र सन्धिको पालनामा जोड दिँदै आएको छ ।

'विवादित क्षेत्रमा पूर्वाधार निर्माणको प्रयास गरेर चीनले भुटानसँगको अनौपचारिक सम्बन्धमा कटुता थप्न चाहेको देखिन्छ तर भुटानले आफ्नो शान्तिवादी अडानमा परिवर्तन नगर्नु भुटानकै निम्ति लाभदायक हुनेछ,' यो भूराजनीतिक विषयमा चीनबाट प्रभावित नभई थिम्पुले आफ्नो स्पष्ट अडान राख्नुपर्ने प्रतिवेदनमा भनिएको छ । *रासस/एएनआई*

# शोकसभामा हिंडेका ८ जनाको दुर्घटनामा मृत्यु

**श्रावस्ती (उत्तर प्रदेश)–** उत्तर प्रदेशको श्रावस्तीस्थित राष्ट्रिय राजमार्गमा शनिबार बिहान भएको सवारी दुर्घटनामा परी आठ जनाको मृत्यु भएको छ भने अन्य छ जना गम्भीर घाइते भएका छन् ।

आफन्तको निधनमा आयोजना गरिएको शोकसभामा सहभागी हुन लुधियानबाट आएका उनीहरूको सवारीसाधन इकाउना प्रहरी चौकीको क्षेत्रमा पर्ने रुखमा ठोक्किँदा उक्त दुर्घटना भएको प्रहरीले जनाएको छ । छ जनाको घटनास्थलमा नै मृत्यु भएको बताउँदै श्रावस्तीका प्रमहरी उपरीक्षक प्राची सिंहले गम्भीर घाइते भएका आठ जनालाई बहराइच अस्पताल पठाएको जानकारी दिएकी छन् ।

मुख्यमन्त्री योगी आदित्यनाथले दुर्घटनामा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै शोकाकूल परिवारजनमा समवेदना व्यक्त गरेका छन् । साथै, उनले घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेका छन् । *रासस/एएनआई*

# महाराष्ट्र बस दुर्घटनामा १२ जनाको मृत्यु

**नयाँदिल्ली–** महाराष्ट्र राज्यको रायगढमा आज बिहान भएको यात्रुबाहक बस दुर्घटनामा १२ जनाको मृत्यु भएको छ भने २५ जना घाइते भएका छन् ।

चालीस जना यात्री लिएर पुणे सहरको पिम्पल गुरव क्षेत्रबाट गोरेगाउँतर्फ गइरहेको सरकारी स्वामित्वको उक्त बस शनिबार बिहान चार बजे खाल्डोमा खसेको स्थानीय प्रहरीले सिन्ह्वालाई फोनबाट बताएका हुन् । प्रहरीका अनुसार बसमा ४० जनाभन्दा बढी सवार थिए ।

गृहमन्त्री अमति शाहले उक्त दुर्घटनालाई दुर्भाग्यपूर्ण भन्दै उद्धार तथा उपचारमा जुट्न सम्बद्ध निकायलाई निर्देशन दिएका छन् । स्थानीय प्रशासन सहायताका निम्ति घटनास्थलमा जुटेको छ । उद्धार तथा राहतका कार्य अझै जारी रहेका बताइएको छ । *रासस/सिन्ह्वा*

# यमन युद्धविराम : साउदी कैदीसहित सयौं रिहा

**साना–** साउदी अरब नेतृत्वको सैन्य गठबन्धन र यमनको इरान समर्थित हुथी विद्रोहीबीच भएको कैदी आदानप्रदान सम्झौता अन्तर्गत साउदीसहित सयौं युद्धबन्दीलाई शनिबार रिहा गरिएको रेडक्रसको अन्तर्राष्ट्रिय समितिले जनाएको छ ।

साउदी अरब र हुथीको नियन्त्रणमा रहेको इलाकालाई जोड्ने यमनी उडानहरूमार्फत करिब ९०० कैदीहरूको स्थानान्तरण र रिहाइ भएको समितिले जनाएको छ । युद्धबन्दी आदानप्रदानले यमनको आठ वर्ष पुरानो युद्धको अन्त्यको आशा जगाएको थियो ।

आइसीआरसीका सार्वजनिक मामिला तथा सञ्चार सल्लाहकार जेसिका मौसानका अनुसार शनिबारको पहिलो उडान दक्षिणी साउदी सहर आभाबाट यमनको हुथीनियन्त्रित राजधानी सानाका लागि उडेको थियो । त्यसपछि सानाबाट रियादका लागि उडेको उडानमा १६ जना साउदी र तीन जना सुडानी नागरिक रहेको २० जना बन्दीहरू रिहा भएको राज्य नियन्त्रित अल-एखबारिया च्यानलले जनाएको छ । सुडान साउदी नेतृत्वको गठबन्धनको हिस्सा हो र उसले युद्धका लागि स्थल सेना उपलब्ध गराएको छ ।

साना-रियाद उडानमा यमनको राष्ट्रपति नेतृत्व परिषद्का सदस्य तथा पूर्वराष्ट्रपति अली अब्दुल्लाह सालेहका भतिजा तारेक सालेहका भाइ र छोरा पनि रहेका छन् । *रासस/सिन्ह्वा*

# रूसी क्षेप्यास्त्र आक्रमणमा ९ जना युक्रेनी मारिए



**किएभ–** युक्रेनको स्लोभियान्स्कामा रुसले गरेका क्षेप्यास्त्र आक्रमणमा परी नौ जना युक्रेनीको ज्यान गएको भने २१ जना घाइते भएका छन् । मस्कोले बाख्मुतका थप जिल्ला कब्जा गर्ने प्रयासमा स्लोभियान्स्कमा आक्रमण गरेको हो ।

डोनेट्स्क क्षेत्रका गभर्नर पाब्लो किरिलेन्कोका अनुसार बाख्मुटको पश्चिममा अवस्थित स्लोभियान्स्कमा रुसले शुक्रबार सात वटा क्षेप्यास्त्र प्रहार गरेको थियो । सात जनाको आक्रमणस्थलमा र एक जनाको भग्नावशेषबाट उद्धार गरिएपछि एम्बुलेन्समा मृत्यु भएको हो । आक्रमणमा दुई वर्षको शिशुको पनि ज्यान गएको छ ।

उक्त आक्रमण रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले कुनै पनि रुसी नागरिक सेनामा भर्ती हुन, बोलाइएको बेला उपस्थित हुन तथा देशबाट बाहिर जान नपाउने कानुनमा हस्ताक्षर गरेपछि भएको अल जजिराले जनाएको छ ।

उक्त कानुनअनुसार अब कुनै पनि नागरिकले अनुमति बिना विदेश भ्रमण गर्न पाउने छैनन् भने हरेक निकायमा राष्ट्रसेवाका निम्ति उपस्थित हुन बेग्लै पत्राचारको आवश्यक्ता पर्दैन । उक्त कानुनलाई विद्युतीय आदेशका रूपमा मान्यता दिइएको छ । विद्युतीय माध्यमबाटै कुनै नागरिकलाई सूचीकृत कार्यालयमा सेवाका निम्ति बोलाउन सकिनेछ ।

युक्रेन युद्ध प्रारम्भ भएपछि आफ्ना सेनालाई सघाउन नागरिकलाई समेत परिचालन गर्न सकिने घोषणा राष्ट्रपतिले गरेपछि दशौं हजार रुसीले देश छाडेका थिए । गत वर्षको २४ फेब्रुअरीमा युक्रेनमा रुसी आक्रमण भएपछि एक लाखभन्दा बढी युक्रेनी सैनिक तथा त्यति नै संख्यामा रुसी सेनाले ज्यान गुमाएका अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । अमेरिकी अधिकारीहरूका अनुसार दुवै पक्षका ४० हजार गैरसैनिक पनि युद्ध मारिएका छन् ।

रुस र युक्रेनले युद्धमा भएको हताहतिबारे आधिकारिक विवरण सार्वजनिक नगरे पनि केही महिनाअघि युक्रेनी सेनाका प्रमुखले स्थानीय सञ्चारमाध्यमलाई नौ हजार युक्रेनी सेनाले वीरगति प्राप्त गरेका बताएका थिए । रुसी अधिकारीहरूले पनि छ हजार सैनिकले ज्यान गुमाएका जानकारी दिएका थिए ।

संयुक्त राष्ट्रसंघले रुस र युक्रेनबाट भागेर युरोपेली देशमा शरण खोज्नेको संख्या ७८ लाख पुगेको जनाएको छ । युक्रेन युद्धका कारण विश्व अर्थतन्त्रमा अकल्पनीय प्रभाव परेको छ । धान्नै नसक्नेगरी मुद्रास्फीति (मूल्यवृद्धि) बढेको छ भने न्यून आय भएका देशका जनताको जीवन कष्टकर बनेको छ । *रासस/एएनआई*

# व्यापक विरोधका बीच निवृत्तिभरणको उमेर बढाइयो

**पेरिस–** व्यापक विरोधका बीच फ्रान्समा निवृत्तिभरण प्राप्तिको उमेर बढाइएको छ । निवृत्तिभरण प्राप्तिको विद्यमान ६२ वर्षलाई बढाएर ६४ वर्ष कायम गरिएको छ ।

राष्ट्रपति इमानुएल म्याक्रोंले निवृत्तिभरण प्राप्तिको उमेर वृद्धिसम्बन्धी कानुनमा शनिबार बिहान हस्ताक्षर गरेसँगै त्यो आगामी सेप्टेम्बरदेखि लागू हुनेछ । देशको शीर्ष संवैधानिक परिषद्ले पेन्सन पाउने उमेर ६४ वर्ष हुनुपर्ने प्रस्तावित कानुनलाई अनुमोदन गरेको केही घण्टामै राष्ट्रपतिले त्यसमा हस्ताक्षर गरेका हुन् ।

उनले विद्यमान निवृत्तिभरण प्रणालीलाई ध्वस्त हुनबाट जोगाउन त्यसमा सुधार गरिएको बताउनुभएको छ । परिषद्ले जनमत संग्रहका लागि विपक्षीबाट भएको मागलाई अस्वीकार गरे पनि प्रस्तावित कानुनका केही त्रुटी औंल्याएको छ ।

परिषद्को निर्णयप्रति असहमति जनाउँदै प्रदर्शनकारीले आगो बालेर विरोध गरेका छन् । प्रहरीले ११२ जनालाई पक्राउ गरेको छ ।

पेन्सन सुधार योजनाविरुद्ध देशका विभिन्न भागमा १२ दिनसम्म प्रदर्शन भएका थिए । कर्मचारी युनियनहरूले विरोधका कार्यक्रमलाई निरन्तरता दिने बताउँदै यही वैशाख १८ गते अर्थात् मे दिवसका दिन सडकमा आउन मजदुरलाई आह्वान गरेका छन् । *रासस/एएफपी*


## मलेसियामा रोजगारको अवसर

कम्पनी : AG PRECISION SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/१२/३० | LT. No. 284620 | चलानी नं. ६०२०००९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 10 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १० गते (23st Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1503/074/75

**BIGYAN HR MANAGEMENT PVT. LTD.**

Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477



## ZERO COST RECRUITMENT IN MALAYSIA
## मलेसियामा शुन्य लागतको रोजगार

Free Visa, Free Ticket, Free Service Charge, Free Medical, Free Passport and Free Transportation, lodging and Meals (upon offering of job)

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, फ्रि-राहदानी र नि:शुल्क यातायात, आवास र खाना (छनोट पस्चात)

COMPANY: GS PAPERBOARD & PACKAGING SDN BHD  Selengor

कम्पनी : जियस पेपरबोर्ड एण्ड प्याकेजिङ्ग एसडिएन.बिएचडी. सेलेङ्गोर

Pre Approval Date : 2023/04/13 | LT. No.284510 | Invoice No. 60200054

पूर्व स्वीकृति मिति : २०७९/१२/३० | एल टि न. २८४५१० | चलानी नं. ६०२०००५४

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary आर एम RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker औधोगिक कामदार | ६५ | 0 | सो काममा दक्ष Skilled at related work | १५०० | ४४,१९५ | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| पासपोर्ट खर्च Passport expense | मेडिकल जाँच शुल्क Medical Checkup fee | भिषा शुल्क Visa Fee | फाइनल अनतवार्ताको समयमा र प्रस्थान अघि हुने यातायत लगायत खाना र बस्ने खर्च Transport, Lodging & Food During Final interview & bofore departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | श्रम स्विकृती Labour Approval | हवाई टिकट शुल्क Air Ticket expenses | संस्थाको सेवा शुल्क Agency Service Charge | जम्मा खर्च Total expenses |
|---|---|---|---|---|---|---|---|---|---|
| नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free |

• यो भर्ती मागपत्र शून्य लागत नीति अन्तर्गत छ । म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरू (राहदानी, मेडिकल, भिसा, अन्तवातीको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च, अभिमुखीकरण, नेपाल र मलेसियामा लाग्ने बिमा, श्रम स्विकृती, हवाई टिकट) रोजगारदाताले वहन गर्दछ । त्यसैले कामदार वा उनीहरूको तर्फबाट म्यानपावर संस्था वा अरु कुनै व्यक्ति कसैलाई पनि कनै शुल्क तिर्न पर्दैन । This recruitment is under zero cost policy. All the expenses (Passport, Medical, Visa, Transport, Lodging, Food during interview & before departure, Orientation, Insurance, Air ticket) including Agency service charge will be borne by the employer. So no fee has to be paid to manpower agency or any other person by the workers or anyone on their behalf.

• यस रोजगारीको लागि हाम्रो कार्यालय वा अरु कसैलाई सेवा शुल्कको सट्टामा कुनै अन्य मूल्यवान वस्तु (उपहार, सुन, गरगहना, गाईवस्तु, फोन आदि) दिन वा दिने बाचा नगर्न अनुरोध गर्दछौं । No other item of value shall begiven or commit to our office or any body in lieu of fees (Gifts, gold, jewelry, livestock, phone etc.)

• तपाईंले कसैलाई कुनै शुल्क तिर्न नपर्ने भएकोले, हामी तपाईलाई कुनै पनि एजेन्ट बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधै सम्पर्क गर्न अनुरोध गर्दछौं । हामी तपाईलाई यो पनि स्पष्ट पार्न चाहन्छौं कि हाम्रो संस्थाको कुनै पनि शाखा कार्यालय, जिल्ला प्रतिनिधिको कार्यालय र एजेन्ट र बिचौलिया छैन । Since youdonÚt have to pay any fees to any body, we request you to contact directly at our office without using any agent/middleman. We also want to clarify you that our organization has no branch offices, district representative and agent/middleman any where.

• यस भर्तीको लागि कुनै धितो, निक्षेप, बचत कार्यक्रमहरूलाई अनुमति वा स्वीकार गरिने छैन । No bonds, deposits, saving programs are allowed or accepted for this recruitment.

• हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र साग सम्बन्धित जानकारीमूलक सामग्रीहरू जस्तै फलेक्स, ब्यानर, पर्चा आदि पूर्णरूपमा अध्ययन गरी र सो बारे पूर्णरुपमा जानकार हुन अनुरोध गर्दछौं । We request you to fully study & understandjob related informative materials such as flex, banner, leaflet etc. placed at our office premises.

• रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि हाम्रो संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ । Anyone willing to apply for the job must attend our pre–recruitment orientation training session prior to filling the job application form.

• हामी समान अवसर प्रदायक संस्था हौं । त्यसैले उम्मेदवारहरूलाई कुनै पनि प्रकारको भेदभाव बिना उनीहरूको योग्यताको आधारमा मात्र छनोट गरिन्छ । We are Equal opportunity provider. Hence candidates are selected solely based on their competency without any type of discrimination=

• यदि तपाईसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेख गरिएको फोन नम्बर वा इमेल ठेगाना मार्फत सम्पर्क गर्न सक्नुहुनेछ । तपाईले हामीलाई हाम्रो आधिकारिक फेसबुक पेज |(A.K. Overseas Pvt.Ltd.) मा पनि सन्देश पठाउन सक्नुहुन्छ ।

Tel: 014000027  Email: akoverseas494@gmail.com

If you have any complaints or feedback, please do contact us via the phone number or email address mentioned below. You can also send us your message on our official Facebook page

A.K. Overseas Pvt.Ltd. | Tel: 01–4000027 | Email: akoverseas494@gmail.com

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १२ देखि १४ गते सम्म हुनेछ ।
Interview will be conducted from 25 to 27 April, 2023 in office premisees.

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफ कामगर्न जाने मुलुकमा रहेको, नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस बिज्ञापन (सूचना)मा, उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हनहोस् । ४.बिदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. बिदेश, जानु अघि आफुजाने मुलक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफसँग राख्नुहोला । ६. काममा बिदेश जादा नेपालकै बिमानस्थल प्रयोग गर्नहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन, सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।**

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Buddhanagar.

**A.K. OVERSEAS (PVT.) LTD.**

श्रम ईजाजत नं.४९४/०६१/०६२

Nishal Marg, Lazimpat, Kathmandu, Nepal, Tel: 014000027
Email: akoverseas494@gmail.com, klaush_np@yahoo.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११०८०० | प्रति तोला - ११०२५० | प्रति तोला - १४५० |



डुंगा चढ्नेको घुइँचो । नयाँ वर्षमा पाल्पा रामपुरको तालपोखरामा डुङ्गा चढ्ने पर्यटकको घुइँचो । तस्बिरः सुशीला रेग्मी/रासस

## निगमले भैरहवाबाट दिल्ली र क्वालालम्पुर उडान भर्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले भैरहवाबाट भारतको नयाँ दिल्ली र मलेसियाको क्वालालम्पुरमा सिधा उडान सञ्चालन गर्ने भएको छ । भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट निगमले आगामी जेठ दोस्रो सातादेखि ती दुवै गन्तव्यमा नियमित उडानको तयारी गरेको हो ।

निगमका प्रवक्ता रमेश पौडेलका अनुसार भैरहवाबाट नयाँ दिल्ली र क्वालालम्पुर सिधा उडानका लागि प्रक्रिया सुरु गरिएको छ । त्यस प्रयोजनका निम्ति दुवै मुलुकसँग उडान अनुमतिको आवश्यक प्रक्रिया अगाडि बढाइएको हो । उनले जनशक्ति व्यवस्थापन, प्राविधिक तयारी, बजारीकरणलगायत कार्यलाई तीव्रता दिई कार्यप्रारम्भ गरिएको उल्लेख गरे ।

दुवै गन्तव्यमा सातामा कम्तीमा एक उडान हुने गरी प्रक्रिया अगाडि बढाइएको र बजारको मागअनुसार उडान बढाउँदै लगिने प्रवक्ता पौडेलले बताए । 'दुई मुलुक र इनरुट पर्ने आवश्यक उडान अनुमतिका निवेदन दिइसकेका छौं, अनुमति आउनासाथ बुकिङ खुला गरिनेछ,' उनले भने ।

भैरहवाबाट उडानका लागि निगमका वाणिज्य विभागका उपनिर्देशक सन्तोष पाण्डेको




नेतृत्वमा स्पेशल टास्क फोर्स गठन गरिएको छ । निगमले हाल दुवै गन्तव्यमा काठमाडौंबाट भने नियमित उडान गरिरहेको छ । नेपालको विश्वप्रसिद्ध गौतमबुद्धको जन्मस्थल लुम्बिनीलाई जोड्ने गरी निगमको उडान सेवा सुरु भएपछि लुम्बिनी भ्रमणमा आउने बौद्धमार्गी यात्रुहरूलाई थप आकर्षित गर्न विशेष प्याकेजको व्यवस्था गरिने निगमले जनाएको छ ।

विसं २०७९ जेठ २ गतेदेखि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल व्यावसायिकरूपमा सञ्चालनमा आएको थियो । यो विमानस्थल भएर बौद्ध धर्मावलम्बीको बाहुल्यता भएका मुलुकहरू श्रीलङ्का, म्यानमार, थाइल्यान्ड, कम्बोडिया, भियतनाम, लाओसलगायत मुलुकमा हवाई सञ्जाल विस्तार गरी ती मुलुकबाट बढीभन्दा बढी पर्यटक आकर्षण हुने अपेक्षा गरिएको थियो ।

उक्त विमानस्थलबाट अहिले अन्तर्राष्ट्रियतर्फ कुवेतको जजिरा एयरले उडान भरिरहेको छ । हिमालय एयरलाइन्सले अघिल्लो वर्ष छोटो समय चार्टर्ड उडान गरेको थियो । भैरहवामा विभिन्न अन्तर्राष्ट्रिय एयरलाइन्सले उडानका लागि चासो देखाए पनि उडान सञ्चालन हुनसकेको छैन ।

## आठविसकोटको दुर्गम बस्तीमा बिजुली

■ प्रभाव संवाददाता

**रुकुम–** रुकुम पश्चिमको आठबीसकोट नगरपालिकाको दुर्गम मानिने बस्ती वडा नं ४ र ६ मा पहिलो पटक विद्युत् लाइन पुगेको छ । नगरपालिकाको अन्य वडामा विद्युत् विस्तार भए पनि वडा नं ४ र ६ का बस्तीमा भने पहिलो पटक एघार हजार केभिएको विद्युत् लाइन पुगेको छ ।

केन्द्रीय विद्युत् लाइन वडा नं ४ को गोतामकोट हुँदै ६ नं वडाको त्रिवेणी, छिमी मन्का र रुकुम र डोल्पाको सिमाना करबगारसम्म विस्तार हुनेछ । विद्युत् प्रशारण भएसँगै एक कार्यक्रमकाबीच ४ नम्बर वडाको बगेनामा ट्रान्समिटरमा बत्ती बालेर आठबीसकोट नगरपालिकाका नगर प्रमुख रवि केसीले विद्युत् लाइनको उद्घाटन गरे । विद्युत् लाइन प्रशारण भए पनि टोलटोलमा पोलमा तार राख्ने, कस्नेलगायतका काम जारी रहेको विद्युत् प्राधिकरण रुकुम पश्चिमले जनाएको छ । वाइरिङ जडान गरिएका घरमा छिट्टै बत्ती सञ्चालन हुने र बाँकी घरमा वाइरिङ नगरेकालाई पनि छिटो वाइरिङ गर्न अनुरोध गरिएको छ ।

निर्वाचन घोषणापत्रमा भनेअनुसार दुई




वर्षभित्र सबै वडाका केन्द्रसम्म केन्द्रिय लाइन विस्तार र पाँच वर्षभित्र नगरपालिकाका सबै गाउँमा विद्युतीकरण गर्ने प्रतिबद्धताअनुसार विद्युत् विस्तारको काम भइरहेको नगर प्रमुख रवि केसीले बताए ।

वडा नं ५ मा पनि विद्युत् विस्तारको काम तीव्र रूपमा चलिरहेकाले अब वडा नं ४ र ६ का बस्तीमा विद्युत् विस्तारकार्य अगाडि बढ्नुका साथै छिमेकी जिल्ला डोल्पामा पनि विद्युत् विस्तारमा सहज हुने उनले बताए । विद्युत्ले जनताको घर उज्यालोसँगै आर्थिक उन्नतिमा नगरपालिकालाई समेत सहयोग पुग्ने अपेक्षा रहेको नगर प्रमुख केसीको भनाइ छ ।

विद्युत् विस्तार भएसँगै ४ नम्बर वडाका पाँच सय ६६ घरपरिवार र ६ नम्बर वडाका पाँच सय ४६ घरपरिवार गरेर एघार सय १२ घरघरपरिवार लाभान्वित हुनेछन । विद्युत् प्राधिकरण रुकुम-पश्चिम र आठबीसकोट वितरण शाखाले संयुक्त रूपमा विद्युत् विस्तारको काम गरिरहेका छन् ।

## गहुँ बाली भित्र्याउन भ्याइनभ्याई

**कैलाली (प्रस)–** कैलालीका किसानलाई यतिबेला खेतमा पाकेको गहुँ बाली भित्र्याउन भ्याइनभ्याई भएको छ । हिउँदको समयमा लगाएको गहुँ बाली पाकिसकेपछि उनीहरूलाई गहुँ बाली भित्र्याउन भ्याइनभ्याई भएको हो । खेतमा लगाएको गहुँ बाली, मसुरो पाकेर तयारी अवस्थामा भएपछि कृषक यस समयमा निकै व्यस्त छन् ।

धनगढी उपमहानगरपालिका-२ भन्सार कटानगाउँकी कृषक सताल्ली रावलले खेतमा गहुँ बाली पाकेर बिग्रिने अवस्थामा पुगेकाले बिग्रिने भन्दै चिन्ता व्यक्त गरिन् । उनले भनिन्, 'हिजोआज घरको सबै काम छाडेर खेतमै बढी समय बित्ने गरेको छ, झिसमिसे अँध्यारो समयसम्म खेतमै हुन्छौं र बिहान पनि सबेरै खेतमा जान्छौं ।'

केही दिनदेखि गर्मी बढ्दै गएको र वर्षा हुनसक्ने भन्दै गहुँ बाली भित्र्याउनका लागि यस क्षेत्रका किसानको अधिकांश समय खेतबारीमै बित्ने गरेको छ । किसानका परिवारका सबै सदस्य प्रायःजसो खेतबारीमै भेटिने गर्दछन् । त्यस्तै खेतमा गहुँ काट्दै गरेका धनगढी-३ बैयाबेहडीका किसान माइला चौधरीले रातिको १२ बजेसम्म पनि गहुँ भित्र्याउनका लागि थ्रेसर मेसिनको पालो कुर्नुपरेको कुरा सुनाए । गहुँ थ्रेसर गर्नका लागि पालो पर्खँदासमेत थ्रेसर नपाएरै फर्कनुपरेको चौधरीले दुःखेसो पोखे ।

परम्परागत तरिकाले गहुँ भित्र्याउने गरेका किसानसमेत यतिबेला आधुनिक उपकरण प्रयोग गरी गहुँ भित्र्याइरहेको पाइन्छ । किसान एकअर्कासँग पालोपैचो तथा पर्म गर्दै गहुँ काट्ने र थ्रेसर लगाएर भित्र्याउने गरिरहेका छन् ।

गहुँ भित्र्याउने चटारोका कारण नयाँ साल आएको महसुससमेत नभएको धनगढीकै अर्का किसान बखतबहादुर चौधरीले बताए । 'नयाँ साल त आयो तर के गर्ने आफ्नो खेतमा गहुँ, मसुरो पाकेर झर्ने अवस्थामा पुगेको छ, पाकेको बाली भित्र्याउन पाइदिएको भए ढुक्क भइन्थ्यो,' उनले भने, 'घर खर्च चलाउने आर्थिक उपार्जनको बाटो र वर्षभरिलाई खान पुग्ने अन्न यही खेतीपाती नै हो ।'

## ग्लोबल आइएमईको 'सोचे जस्तै बैंक खाता'

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले नयाँ वर्ष २०८० को अवसरमा आफ्ना ग्राहकहरूलाई बचत तथा मुद्दती दुवैको प्रतिफल प्रदान गर्ने उद्देश्यले सोँचे जस्तै बैंक खाता सञ्चालनमा ल्याएको छ ।




बैंकले ल्याएको नयाँ खातामा ग्राहकहरूको ईच्छा बमोजिम तोकिएको न्यूनतम् रकम बचत खातामा रही सो भन्दा माथिको रकम लाखको गुणनमा मुद्दतिमा स्वतः परिणत हुन सक्नेछ ।

यसका साथै, सोँचे जस्तै बैंक खाता खोल्ने ग्राहकहरूले तीन वर्षसम्मका लागि मोबाइल बैंकिङ्ग सेवा, इन्टरनेट बैंकिङ्ग सेवा तथा भिजा डेबिट कार्डको सुविधा निशुल्करूपमा प्राप्त गर्नेछन् ।

साथै, लकर सुविधा लिदा पहिलो एक वर्षका लागि ५० प्रतिशत छुट पनि समावेश गरिएको छ ।

ग्राहकहरूमा नियमित बचत गर्ने बानिको विकास गर्ने अभिप्रायले बैंकले आफ्ना ग्राहकहरूलाई लक्षित गरी समयसमयमा यस्ता योजनाहरू ल्याउने गरेको छ ।

ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । मुलुकको लगभग सबै वित्तीय सूचकाङ्कहरूमा पहिलो बैंकले ३६४ शाखा कार्यालय, ३६३ एटिएम, ३२१ शाखा रहित बैंकिङ्ग सेवा, ६४ एक्स्टेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट ४० लाख भन्दा बढि ग्राहकहरू माझ सेवा प्रदान गरिरहेको छ ।

## पर्यटकीय गतिविधि बढाउन चितवनमा प्याराग्लाइडिङ

■ प्रभाव संवाददाता

**चितवन–** चितवनमा पर्यटकीय गतिविधि बढाउने उद्देश्यका साथ प्याराग्लाइडिङको व्यावसायिक उडान थालिएको छ । हिमालयन फन्टियर्स प्याराग्लाइडिङ कम्पनी चितवनले नयाँ वर्षको अवसर पारी उडान सुरु गरेको हो ।

जिल्लामा आउने आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरी प्याराग्लाइडिङ सुरु गरिएको कम्पनीका अध्यक्ष विजयबहादुर घलेले जानकारी दिए । भरतपुर महानगरपालिका-२९ चौकीडाँडाबाट प्याराग्लाइडिङ उडान थालिएको हो । यहाँ जङ्गल सफारीका लागि अत्यधिक पर्यटक आउने गरेका छन् । समुद्री सतहबाट एक हजार दुई सय मिटर अग्लो स्थानबाट उडान गर्न लागिएको हो । यसबारे तीन वर्ष अध्ययन गरिएको थियो । एक सय २० किलोभन्दा कम तौल भएको अवस्थामा मात्र प्याराग्लाइडिङ उडान भर्न सकिने उनले जानकारी दिए ।



चितवनको चौकीडाँडाबाट प्याराग्लाइडिङ उडान भरेर देवघाट गाउँपालिका-५ स्थित त्रिशूली नदी किनारमा अवतरण गरिनेछ । कम्पनीका सञ्चालक शालिक दबाडीले पर्यटकका लागि नयाँ गन्तव्यको खोजी गर्ने क्रममा प्याराग्लाइडिङ सुरु गरिएको बताए । यस क्षेत्रमा निकट भविष्यमा रोप साइक्लिङ, बन्जीजम्पजस्ता गतिविधि गर्ने योजना रहेको उनको भनाइ छ । दबाडीले भने, 'चौकीडाडाँमा चौकीडाँडा रिसोर्टसमेत निर्माण गरेर यहाँको पर्यटन प्रवर्द्धनमा काम गर्ने योजना छ ।' कम्पनीले उडानका लागि कविलास डाँडाबाट समेत अनुमति पाएको छ ।

प्याराग्लाडिङ उडानका लागि प्रति व्यक्ति रु आठ हजार शुल्क तोकिएकामा हाललाई २५ प्रतिशत छुटको व्यवस्था गरिएको छ । दैनिक ४५ जनासम्मलाई उडाउन सकिने दबाडीको भनाइ छ । नेपाल प्याराग्लाइडिङ सङ्घका महासचिव शैलेन्द्र राउतले नागबेली सडक र त्रिशूली नदीमाथिको उडानले पर्यटक आकर्षित हुने बताए ।

प्याराग्लाइडिङ चालक सञ्जय गौतमले यहाँ उडानका लागि उपयुक्त हावा र स्थान रहेको बताए । नारायणगढ-मुग्लिन सडकखण्डको भोर्लेबाट नौ किलोमिटर उत्तर र जुगेडीबाट पाँच किलोमिटर उत्तर हिँडेपछि चौकीडाँडा पुग्न सकिन्छ । भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले जिल्ला आउने पर्यटकका लागि फरक अनुभव लिने गरी भरतपुरमा प्याराग्लाइडिङ सुरु भएको बताइन् । सबै खालका पर्यटक रमाउन सक्ने गरी भरतपुरमा पर्यटन प्रवर्द्धनको काम भइरहेको उनको भनाइ छ । सन् २०२४ लाई भरतपुर भ्रमण वर्ष मनाउन गइरहेको उल्लेख गर्दै उनले पर्यटकको बसाइ लम्ब्याउने किसिमका गतिविधि गर्न जरुरी रहेको बताइन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ